का.जि.प्र.का.द.नं. १००/०५९/६०

१४ फागुन २०८१,
बुधबार
26 February, 2025
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २४ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# बेरोजगारीको त्रासमा सरकार

भ्रष्टाचारको सूचकांक थप खराब हुनु, फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)ले नेपाललाई ग्रे लिस्टमा राख्नु र अमेरिकी सहयोग नियोग (यूएसएड) अन्तर्गतका परियोजना स्थगन हुनुले नेपालमा बेरोजगारीको संख्या थप बढ्ने त्रास बढेको हो

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १३ फागुन ।

सरकारले नेपालमा बेरोजगारको अवस्थाबारे अध्ययन गर्ने भएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले हरेक १०/१० वर्षमा जीवनस्तर सर्वेक्षण गर्दै आएको छ, जसले बेरोजगारको अवस्था देखाउँछ। तर, बेरोजगारको संख्या ह्वात्तै बढ्ने अनुमान गरेर सरकारले राष्ट्रिय तथ्यांक कार्यालयलाई नकुरी आफैं अध्ययन गर्न लागेको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार भ्रष्टाचारको सूचकांक थप खराब हुनु, फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)ले नेपाललाई ग्रे लिस्टमा राख्नु र अमेरिकी सहयोग नियोग (यूएसएड) अन्तर्गतका परियोजना स्थगन हुनुले नेपालमा बेरोजगारीको संख्या थप बढ्ने त्रास बढेको छ ।

यीसँग जोडिएका र नजोडिएका अन्य कारणले समेत नेपालमा बेरोजगारको संख्या बढ्ने अनुमान सरकारको छ । यो विषयमा सोमबार प्रधानमन्त्रीको सरकारी निवास वालुवाटारमा बसेको मन्त्रिपरिषद्को बैठकमा समेत छलफल भएको थियो ।

मन्त्रिपरिषद्को बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले रोजगार र स्वरोजगारको क्षेत्रमा सबै मन्त्रालय र राज्यका सबै निकायले ध्यान दिनुपर्ने ब्रिफिङ गरेका थिए।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई यूएसएडअन्तर्गतका कार्यक्रम स्थगन भएपछि तत्काल पर्ने प्रभावबारे अध्ययन गर्न भनिएको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका अधिकारीहरूका अनुसार समाज कल्याण परिषद्सँगको अनौपचारिक संवादका आधारमा यूएसएडअन्तर्गतका कार्यक्रम स्थगन हुँदा १२ हजार पृष्ठ २ मा




# नेपाल उभियो युक्रेनको पक्षमा

## अमेरिकाले बदल्यो कित्ता

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १३ फागुन ।

नेपालले संयुक्त राष्ट्रसंघको महासभामा छिमेकी भारत र चीनभन्दा भिन्न धारणा राख्दै युक्रेनको पक्षमा मतदान गरेको छ । सोमबार 'युक्रेनमा व्यापक, न्यायपूर्ण र दिगो शान्तिको विकास' प्रस्तावमा नेपालले ३ वर्षदेखि युद्धले आक्रान्त युक्रेनको पक्षमा मतदान गरेको हो ।

प्रस्तावले रुसी आक्रमणको निन्दा गर्दै युक्रेनबाट रुसी सेना फिर्ता गर्नुका साथै शान्तिको आह्वान पनि गरेको छ ।

प्रस्तावमा भनिएको छ, 'रुसी संघद्वारा युक्रेनमा पूर्ण-स्तरीय पृष्ठ २ मा

### चीन र भारत तटस्थ

चीन र भारतले मतदानमा भाग लिएनन्, जसले रुससँगको सम्बन्ध र पश्चिमसँग सन्तुलन कायम राख्ने उनीहरूको रणनीति झल्काएको छ । दुवै देशले रुसी आक्रमणको खुल्ला निन्दा गर्न अस्वीकार गरेका छन् । प्रस्तावका सन्दर्भमा पृष्ठ २ मा



युक्रेनको क्षेत्रीय अखण्डता र सार्वभौमिकताको रक्षा र रुसी आक्रमणको निन्दामा नेपालले गरेको मतदानमा गर्व गर्नुपर्छ

**डा. कुलचन्द्र गौतम**
**पूर्व सहायक महासचिव**
**संयुक्त राष्ट्रसंघ**



आखिर ठूला भनिएका देश कसैको पक्षमा भन्दा पनि आफ्नो पक्षमा मात्र हुन्छन् र रहन्छन् भन्ने यो जबर्जस्त सन्देश हो

**डा. भीमार्जुन आचार्य**
**संविधानविद्**

खड्का–घिसिङ द्वन्द्व

# कुलमानलाई चौथो स्पष्टीकरण

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १३ फागुन ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङबीचको द्वन्द्व सतहमा आएको छ । घिसिङलाई मन्त्रालयले चौथो पटक २४ घण्टे स्पष्टीकरण सोधेसँगै मन्त्री खड्का र कार्यकारी निर्देशक घिसिङबीचको द्वन्द्व थप छताछुल्ल भएको हो ।

'डेडिकेटेड' र 'ट्रंक लाइन' महसुल बक्यौता भुक्तानीबारे विद्युत् प्राधिकरण र उद्योगीबीच विवाद बढेपछि यसलाई दलहरूले समेत राजनीतीकरण गर्दै आएका छन् । केपी ओली नेतृत्वको सरकार आएलगत्तै सुरु भएको सरकार पृष्ठ २ मा





### बचाउमा राज्यमन्त्री

ऊर्जा मन्त्रालयले कुलमानलाई हटाउन खोजेको विषयमा सोही मन्त्रालयका राज्यमन्त्री पूर्णबहादुर तामाङले भने आक्रोश व्यक्त गरेका छन् । सरकारको मन्त्री हुँदैमा जे पायो त्यही गर्न नहुने र कुलमानलाई हटाउन नमिल्ने तामाङले बताए ।

राज्यमन्नत्री तामाङले मध्यान्हसँग भने, 'अहिले कुलमानलई हटायो भने सरकार नै अप्ठ्यारोमा पर्छ। उनीजत्तिको काम गर्न सक्ने व्यक्तिलाई सरकारले हटाउनु हुँदैन भनेर मैले मन्त्रीज्यूलाई अनुरोध पृष्ठ २ मा

मौद्रिक नीति समीक्षा

# लचिलो कार्यदिशा यथावत्



**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, १३ फागुन ।

आउँदो २५ चैतदेखि कार्यकाल सकेर बाहिरिन लागेका गभर्नर महाप्रसाद अधिकारीले मंगलबार मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा ल्याएका छन्। चालू आर्थिक वर्षमा ल्याइएको मौद्रिक नीति कार्यान्वयनको अर्धवार्षिक समीक्षा गर्दै गभर्नर अधिकारीले विद्यमान व्यवस्थामा आंशिक परिवर्तन गरेका छन् ।

विस्तृत समाचार
पृष्ठ १० मा

वैदेशिक रोजगार विशेष

# मापदण्डबमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान दूतावासको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ फागुन ।

नेपाली राजदूतावास बैंककले तोकिएका मापदण्डबमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान पुनः आग्रह गरेको छ। लाओससँगको सीमा क्षेत्रमा अनलाइन स्क्यामिङ कार्यमा लगाइएका नेपाली नागरिकलाई बैंककस्थित नेपाली दूतावासले थाइल्यान्ड सरकारको सहयोगमा म्यानमारको मेवाडीबाट उद्धार गरी नेपाल पठाइरहेको छ।

यसै हप्ता मात्र २ जना र अघिल्लो हप्ता ५ गरी ७ जना कामदार नेपाल फर्काइएका छन् । श्रम स्वीकृति भएका कामदार समस्यामा परी स्वदेश फर्काउनुपरे सम्बन्धित म्यानपावर कम्पनीले स्वदेश फर्काउने गरेका छन् ।

श्रम स्वीकृति नभएको अवस्थामा स्वदेश फर्काउनुपर्दा नेपालीका संघसंस्थालाई गुहार्नुपर्ने, स्वदेश फर्किने टिकट नहुँदा लामो पृष्ठ २ मा

## अन्यायपूर्ण कानुन नबनाउन समिति सभापति सुवेदीलाई मञ्चको ध्यानाकर्षण



**काठमाडौं/मस–** वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले अन्यायपूर्ण कानुनी व्यवस्था नगर्न प्रतिनिधिसभाअन्तर्गत कानुन, न्याय तथा मानवअधिकार समिति सभापति बिमला सुवेदीको ध्यानाकर्षण गराएको छ ।

मञ्चका अध्यक्ष धनलाल जैशी र महासचिव कुन्छा दोर्जे दिमदोङले मंगलबार समिति सभापति सुवेदीलाई पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com

१४ फागुन २०८१ बुधबार
26 February 2025, Wednesday

# आज महाशिवरात्रि पर्व मनाइँदै, सेना दिवस पनि आजै

**काठमाडौं/मस**–महाशिवरात्रि पर्व बुधबार देशभरका शिवालयमा विधिपूर्वक पूजा, आराधना एवं दर्शन गरी मनाइँदै छ।

प्रत्येक वर्ष फागुन कृष्ण चतुर्दशी मध्यरातमा मनाइने महाशिवरात्रि पर्व आराध्यदेव भगवान् शिवको पूजा-आराधना गरी मनाइन्छ।

पर ब्रह्मले फागुन कृष्ण चतुर्दशीका दिन मध्यरातमा शिवरुप धारण गरेकाले मध्यरातमा चतुर्दशी तिथि परेकै दिन पूजा, आराधना, दर्शन गरे यस लोकमा सुख शान्ति र परलोकमा सद्गति प्राप्त हुने शास्त्रीय मान्यता छ।

वैदिक सनातन हिन्दु धर्मावलम्बीहरु यसदिन बिहानैदेखि नदी, कुण्ड र तलाउमा स्नान गरी शिवालयमा गई श्रद्धाभक्तिपूर्वक पूजा-आराधना गर्दछन्। शिवजी उत्पत्ति भएको रातका नामबाट नामकरण भएको यो पर्व कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि नामक चार प्रमुख रात्रिमध्ये एक पवित्र पर्वका रूपमा शिव पुराण लगायतका ग्रन्थमा उल्लेखित छ।

फागुन कृष्ण चतुर्दशीका दिन मनाइने यस पर्वलाई दीनदुःखी र कष्टपूर्ण अवस्थामा रहेका प्राणीको हृदयमा धर्मको उदय गराउने आशुतोष भगवान् शिवको अति प्यारो दिनका रूपमा पनि लिइन्छ।

माघ महिनामा महादेवको रुद्रत्व अर्थात् जगत्लाई रुवाउने वा संहार गर्ने तत्वले गर्दा पत्रविहीन भई जीर्ण भइरहेका रूख, बिरुवा तथा झारहरू उनै महादेवको शिवत्व अर्थात् जगत्को कल्याण गर्ने तत्वले गर्दा फागुनमा पलाउन थाल्ने हुनाले शिवरात्रि मनाउने गरिएको हो भन्ने भनाइ छ।



यसदिन भक्तजनले शुद्ध भई शिव मन्दिरमा पूजा-अर्चना गरी व्रत बस्ने र भगवान् शिवको प्रिय वस्तु दूध, धतुरो र बेलपत्र चढाउने गर्छन्। यस पर्वका दिन उपवास गरी रातभर जाग्राम बसे सर्वसिद्धि लाभ भई यमलोक जानु नपर्ने धार्मिक विश्वास छ।

राष्ट्रिय सांस्कृतिक पर्वका रूपमा रहेको यो दिनमा पशुपतिनाथमा रातको चार प्रहरमा चार प्रकारका पूजाका अतिरिक्त महादीप, अखण्डदीप, लक्ष्यबत्ती तथा दीपोत्सवका साथै लाख बेलपत्र अर्पण गरिन्छ।

कैलाशकुट र किराँतेश्वरका सङ्गीत आश्रममा शास्त्रीय नाचगान गरिन्छ। भगवान् श्री महादेवको दर्शन गर्न र शिवरात्रि पर्वको मेला भर्न आज देशभरका विभिन्न भागलगायत छिमेकी राष्ट्र भारतका तीर्थयात्रीको पशुपतिनाथ मन्दिरमा घुइँचो लाग्छ।

### आजै सेना दिवस

महाशिवरात्रि पर्वसँगै बुधबार २६२ औँ सेना दिवस पनि मनाइँदैछ। नेपालको गौरवमय इतिहास बोकेको नेपाली सेनाले यस वर्ष पनि महाशिवरात्रिको दिन सेना दिवस मनाउँदैछ।

सेनाले २०४७ सालदेखि महाशिवरात्रिको दिन सेना दिवस मनाउन शुरु गरेको हो। स्थापनाकालदेखि नै नेपाली सेनालाई धर्म र संस्कारमा सामाजिकीकरण गराइएको छ। नेपाली सेनाको लोगोमा रहेको हरियो षठकोणभित्रको डमरु र त्रिशूलको समायोजनको समेत धार्मिक र दार्शनिक अर्थ छ। लोगोमा उल्लेखित चित्रहरुले शिवलाई संकेत गर्छन्। जुन हिन्दु दर्शन अनुसार सृष्टिकर्ता, संरक्षणकर्ता र संहारकर्ता हुन्।

यसका आलवा कम्तिमा दुईजना मूल र सहायक गरी अमल्दारदेखि सह-सेनानी पद सम्मका पुजारी र पण्डित समेत राखिएको हुन्छ। उनीहरुले पर्वविशेषमा मात्र होइन, दैनिक रूपमा देवीदेवताको पूजा गर्छन्। तत्कालिन राजा पृथ्वीनारायण शाहको कमाण्डमा नेपालको पहिलो सैनिक संरचना शिवरात्रि कै दिन बनेको इतिहास छ। पृथ्वीनारायण शाहको गोर्खाली फौजले नुवाकोट र सन् १७४४ मा छिमेकी कान्तिपुर राज्य कब्जा गरेपछि गोर्खाली फौजलाई शाही नेपाली सेनाको रुपमा चिनिन थालेको हो।

सेना दिवसको अवसरमा राष्ट्रपति रामचन्द्र पौडेल सैनिक मञ्च टुँडिखेलमा आयोजना हुने विशेष समारोहमा सहभागी हुने कार्यक्रम छ। त्यस अवसरमा सैनिक मञ्चमा परेड (शस्त्राभ्यास) तथा तोप बढाइँ, कवाजलगायत विविध सांस्कृतिक कार्यक्रम सञ्चालन हुनेछन्।

त्यस अवसरमा नेपाली सेनासहित भारत, बेलायत र संयुक्त राज्य अमेरिकाका सेनाद्वारा साङ्गीतिक प्रस्तुति हुनेछ।

---

## स्थानीय दलले नगरप्रमुखलाई बुझाए ध्यानाकर्षण पत्र



**परासी/मस**–नवलपरासीको सुनवल नगरपालिकामा बेथिति बढेकोमा स्थानीय राजनीतिक दलहरूले चासो प्रकट गरेका छन्।

नगरपालिकामा भएका आर्थिक अनियमितता, नियमविपरीत कर्मचारी भर्ना, आफूखुसी योजना छनौट लगायतका काममा बेथिति बढेकोमा दलहरूले चासो देखाइका हुन्।

नगरपालिकाले सुधार गर्नुपर्ने विषय र हुन नसकेका योजना र कार्यक्रमका बारेमा राजनीतिक दलका प्रतिनिधिहरूले नगर प्रमुख विमला अर्याललाई ३५ बुँदे ध्यानाकर्षण पत्र बुझाएका छन्।

नेपाली कांग्रेसका जिल्ला सदस्य एवं नगर संयोजक यमलाल पाण्डेय, माओवादी केन्द्रका नगर कमिटी अध्यक्ष मोहनबहादुर कार्की, राष्ट्रिय प्रजातन्त्र पार्टीकी केन्द्रीय सदस्य देवी घिमिरे नेतृत्वको प्रतिनिधि मण्डलले नगर प्रमुख अर्याललाई ध्यानाकर्षण पत्र बुझाएका हुन।

ध्यानाकर्षण पत्रमा नगरपालिकाले स्थानीय तह सञ्चालन ऐन एवं सञ्चालन कार्यविधिको बेवास्ता गर्दै काम गर्ने गरेको र प्रतिस्पर्धा र छनोट विधि अवलम्बन नगरी करारमा कर्मचारी छनोट गरेको उल्लेख छ। उनीहरूले विधि र प्रक्रिया नपुर्‍याई आफू निकट दलका १७ जनालाई करारमा कर्मचारी नियुक्त गरेको दाबी गरेका छन्।

नगर प्रमुख अर्याल एमालेबाट निर्वाचित हुन्। त्यसैगरी नयाँ कार्यालय भवन निर्माणपश्चात् कार्यालयलाई आवश्यक पर्ने कार्पेट, फर्निचर र डेकोरेशन गर्दा बिना प्रतिस्पर्धा सार्वजनिक खरिद ऐनविपरीत कमसल र बजार दर रेटभन्दा बढी बिल भरपाई बनाई आर्थिक अनियमितता गरेको आरोप लगाइएको छ। विरोध र बहिष्कारकाबीच नगर सभा गरेर आफूखुसी योजना ल्याउने र त्यसरी ल्याइएका टुक्रे योजनाहरू आफू निकटलाई दिने गरेको ध्यानाकर्षण पत्रमा उल्लेख गरिएको छ।

त्यसैगरी संघीय शिक्षा ऐनको आधारमा नगर शिक्षा ऐनमा नभएको व्यवस्थालाई टेकेर विभिन्न विद्यालयको व्यवस्थापन समितिमा सदस्यहरू तोकेर पठाउने, शिक्षक र प्रधानाध्यापकलाई बिना कारण सरुवा गर्ने, महिला मैत्री अभियानको लागि विनियोजित बजेट र कार्यक्रम आफू निकटमा केन्द्रित गरेको जस्ता आरोप लगाइएको छ।

आफूहरूले राखेका माग र मागेको जानकारी १५ दिनभित्र नदिए आन्दोलन गर्ने चेतावनीसमेत ध्यानाकर्षण पत्रमा दिइएको छ। नगरप्रमुख अर्यालले ध्यानाकर्षण पत्रमा उल्लेख गरिएका विषय आरोपमा केन्द्रित भएको बताइन्।

केही विषय सकारात्मक सुझावका रूपमा पाए पनि अधिकांशमा मिथ्या आरोप लगाइएको उनको भनाइ छ। 'हामीले गरेका काम सबैलाई राम्रो नलाग्न सक्छ। स्थानीय सरकारले काम गर्ने विधि र प्रक्रिया छन्। चित्त नबुझेका र आवश्यक पर्ने विषयका बारेमा म आफैंलाई भेटेर वा सूचना अधिकारीमार्फत पनि सूचनाको हक प्रयोग गरेर लिन सकिन्छ', उनले भनिन्।

---

## बेरोजगारीको...

बढीको रोजगारी गुम्ने अनुमान गरिएको छ। तर, औपचारिक रूपमा अध्ययन गरेरै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा यूएसएडअन्तर्गतका कार्यक्रम स्थगन हुँदा कति नेपाली नेपालमा बेरोजगार हुन्छन् भन्ने विषयलाई पेस गरिने छ।

२० जनवरीमा शपथ लिएलगत्तै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विभिन्न कार्यकारी आदेशमा हस्ताक्षर गरेका थिए। यी आदेशमध्ये केही वैदेशिक अनुदान रोक्नेसँग सम्बन्धित थिए।

केही दिनअघि मात्र एलन मस्क नेतृत्वको प्रशासनिक दक्षता विभाग (डीओजीई)ले नेपाल, भारत, बंगलादेशलगायत विश्वका सयौं देशलाई अनेक शीर्षकमा दिँदै आएको सहायता रोकेको छ।

डीओजीईले नेपाललाई जैविक विविधता संरक्षण गर्न र वित्तीय संघीयताका लागि दिँदै आएको रकम पनि रोकेको छ।

राष्ट्रपति ट्रम्पले नेपाललाई दिँदै आएको रकम रोक्का गर्नुको कारण दिने क्रममा 'फ्रड' भनेका छन्। डीओजीईले नेपाललाई वित्तीय संघीयताका लागि र जैविक विविधता संरक्षणका लागि सहयोग दिँदै आएको थियो। यसैलाई ट्रम्पले 'फ्रड' भनेका हुन्।

राष्ट्रपति ट्रम्पको यस्तो अभिव्यक्तिका कारण यूएसएडअन्तर्गतका स्थगन गरिएका कार्यक्रम फर्किने सम्भावना नरहेको निष्कर्षका साथ सरकार बेरोजगार हुन सक्नेको संख्या यकिन गर्नेतर्फ केन्द्रित भएको हो।

यूएसएड सन् १९५१ देखि संचालन हुँदै आएको परियोजना हो। राष्ट्रपति ट्रम्पले अमेरिका 'अब युद्धतिर होइन, अमेरिकाको आर्थिक समृद्धिको दिशातिर जानुपर्छ' भन्ने रणनीतिअन्तर्गत नेपालमा संचालित वित्तीय संघीय शुद्धीकरण र जैविक विधिता संरक्षणलगायतका कार्यक्रमहरूलाई स्थगन गरेका हुन्।

कोरोना भाइरस (कोभिड- १९) महामारीपछि नेपालमा बेरोजगारी दर बढेको थियो। त्यसबाट उठ्न खोजिरहेका बेला एकपछि अर्को खराब अवस्था बनेको र बेरोजगारको संख्या बढ्ने वातावरण बनेको सरकारी अधिकारीहरू बताउँछन्। यसले नेपालको अर्थतन्त्रमा थप चुनौती सिर्जना गरिदिएको छ।

भ्रष्टाचारको सूचकांक थप खराब भएकाले नेपालमा आउने लगानी र अनुदानमा असर गर्ने भएको छ। फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)ले नेपाललाई ग्रे लिस्टमा राखेसँगै नेपालमा आयात हुने वस्तु महँगो हुने भएको छ भने निर्यातमा पनि थप शुल्क बढ्ने छ।

नेपालमा अनुदानमा संचालित आयोजनाहरूसमेत प्रभावित हुन पुगेका छन्। यही बेला यूएसएडअन्तर्गतका परियोजनासमेत स्थगन हुन पुगेपछि सरकार बेरोजगार बढ्ने त्रासमा पुगेको हो। आर्थिक वर्ष २०७९/०८० को तथ्यांकीय प्रतिवेदनअनुसार भने नेपालमा बेरोजगारी दर १२ दशमलव ६ प्रतिशत छ। यसअघि नेपाल श्रमशक्ति सर्वेक्षण २०७४/०७५ ले ११ दशमलव ४ प्रतिशत बेरोजगार रहेको देखाएको थियो। आ. व. २०७९/०८० को जीवनस्तर सर्वेक्षणका अनुसार नेपालमा १५ देखि २४ वर्ष उमेर समूहका २२ दशमलव ७ प्रतिशत युवा बेरोजगार छन्।

## नेपाल...

आक्रमण ३ वर्षदेखि जारी छ र युक्रेनका लागि मात्र नभई अन्य क्षेत्रहरू र विश्वव्यापी स्थिरताका लागि पनि विनाशकारी र दीर्घकालीन परिणामहरू निम्त्याउँदै आएको छ।'

संयुक्त राष्ट्रसंघले युक्रेनी भूभागबाट रुसको तत्काल फिर्तालाई समर्थन गर्ने प्रस्ताव बहुमतले अनुमोदन गरेको हो। यो प्रस्तावको पक्षमा ९३ र विपक्षमा १८ मत परेको हो। ६५ देश तटस्थ रहे।

नेपालले प्रस्तावको समर्थन गर्दै युक्रेनको सार्वभौमिकता र शान्तिको पक्षमा रहेको प्रतिबद्धता देखाएको छ। विगतमा पनि नेपालले युक्रेनसम्बन्धी प्रस्तावहरूमा समर्थन जनाउँदै आएको थियो। युक्रेनमा रुसी आक्रमण चलेको ३ वर्षपछि राष्ट्रसंघ महासभाले प्रस्ताव पारित गरेको हो। यसअघि सन् २०२३ मा पनि राष्ट्रसंघमा मतदान हुँदा नेपालले युक्रेनको पक्ष लिएको थियो। अहिले त्यसै नीतिलाई निरन्तरता दिएको छ। संयुक्त राष्ट्रसंघका पूर्व सहायक महासचिव डा. कुलचन्द्र गौतमले नेपालले युक्रेनको पक्षमा गरेको मतदानको प्रशंसा गरेका छन्। 'युक्रेनको क्षेत्रीय अखण्डता र सार्वभौमिकताको रक्षा र रुसी आक्रमणको निन्दा संयुक्त राष्ट्रसंघको साधारणसभामा नेपालले दिएको मतदानमा गर्व गर्नुपर्छ', गौतमले भने।

गौतमले नेपालको संविधानमा उल्लेखित पञ्चशील र राष्ट्रसंघीय बडापत्रअनुरूप यो सैद्धान्तिक अडानका लागि नेपाल सरकारलाई धन्यवाद दिनुपर्ने बताए।

संविधानविद् डा. भीमार्जुन आचार्यले भने, 'हामी युक्रेनको साथमा छौं भन्ने अमेरिकाले हिजो राष्ट्रसंघको विशेष सभामा युक्रेनविरुद्ध मतदान गर्‍यो। आखिर ठूला भनिएका देश कसैको पक्षमा भन्दा पनि आफ्नो पक्षमा मात्र हुन्छन् र रहन्छन् भन्ने यो जबर्जस्त सन्देश हो।'

उनले यो घटनाबाट नेपालले पाठ सिक्नुपर्ने बताए। 'अमेरिका, भारत, चीन वा अरू कसैको गोटी बन्दा आउने परिणाम यस्तै नै हो। कसैले हामीलाई गर्दैन, गर्ने हामी आफैंले मात्र हो। उनीहरूले सक्दा बिगार्ने हो, जुन भइरहेको छ', उनले भने।

### अमेरिकाको कित्ता परिवर्तन

यसअघि युक्रेनलाई साथ दिँदै आएको अमेरिकाले भने अडान परिवर्तन गरेको छ। उसले युक्रेनको विपक्षमा मतदान गरेपछि विश्वभर अमेरिकी मान्यता बदलिएको प्रसंगबारे चर्चा सुरु भएको छ। ट्रम्प प्रशासनको यो कदमले युक्रेनको समर्थनमा रहेको पुरानो नीतिबाट पछि हटेर रुससँग नजिक भएको संकेत गरेको छ।

अमेरिकासँगै रुस, उत्तर कोरिया, बेलारुसलगायतले पनि विपक्षमा मतदान गरेका छन्। जर्मनी, बेलायत, फ्रान्सलगायत देश युक्रेनको पक्षमा उभिएका छन्।

यो मतदानले विश्व राजनीतिमा गहिरो विभाजन देखाएको छ, जसले प्रमुख शक्तिहरूको भूमिका र तटस्थ मुलुकहरूको रणनीतिलाई उजागर गरेको छ।

यसले युरोपेली सहयोगीहरूसँग तनाव बढाएको छ भने विश्व राजनीतिमा अमेरिकाको नेतृत्वमाथि प्रश्न उठाएको छ। सामाजिक संजाल र अन्तर्राष्ट्रिय संचार माध्यममा यो निर्णयलाई लज्जास्पद र विश्व शान्तिको लागि खतरा भनी आलोचना गरिएको छ।

## चीन...

अमेरिकाको अप्रत्याशित सहभागिता विशेष चासोको विषय बनेको छ। यस प्रस्तावलाई लिएर अफ्रिकासहित धेरै विकासशील देशहरू तटस्थ रहेका छन्।

## कुलमानलाई...

र कुलमानबीचको खटपट यतिबेला काबुबाहिरको अवस्थामा पुगेको छ।

पटकपटक स्पष्टीकरणामा परेका घिसिङमाथि मंगलबार मन्त्रालयले पुनः २४ घण्टे स्पष्टीकरण सोधको हो। मन्त्रालयले पठाएको स्पष्टीकरणपत्रमा घिसिङले गरेका आन्तरिक र अन्तर्राष्ट्रिय भ्रमणलगायत विषयसमेत सोधनी भएको मन्त्रालय स्रोतले जानकारी दियो।

मन्त्री खड्काले यसअघि सोधेको स्पष्टीकरणको जबाफ चित्त नबुझेको भन्दै पुनः २४ घण्टाभित्र जबाफ पेस गर्नेगरी स्पष्टीकरण सोधिएको मन्त्रालयले जनाएको छ। यो विषय सार्वजनिक भएपछि सरकार र मन्त्री खड्काप्रति आमरूपमा आलोचना भइरहेको छ भने प्रतिपक्षी दलहरूले यसैलाई राजनीतिक मसला बनाएका छन्।

घिसिङले 'डेडिकेटेड' र 'ट्रंक लाइन' महसुल बक्यौता रहेका ठूला व्यापारिक कम्पनीको विद्युत् लाइन बन्द गरेका थिए। उक्त विषयमा प्रधानमन्त्री ओलीले समेत व्यवसायीको विद्युत् लाइन नकाट्न जोडबल गरेका थिए।

करोडौं बक्यौता रहेका ठूला घरानाका व्यवसायीको दबाबमा राज्यलाई खर्बौं घाटा हुँदा पनि सरकारले आफूमाथि प्रतिशोधपूर्ण व्यवहार गरेको घिसिङको आरोप छ। विद्युत् महसुल बक्यौताको विषयले लामो समयदेखि सदन तातेको थियो। प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र)सहित विपक्षी दलहरू कुलमानकै पक्षमा खरो उत्रिएका छन्। सरकार पक्षका नेताहरूसमेत यो विषमा फरकफरक मत जाहेर गर्दै आएका छन्।

सोमबारको मन्त्रिपरिषद्को बैठकबाट घिसिङलाई सरकारले हटाउने तयारी गरेको थियो। तर, सोमबारको बैठकमा मन्त्री र राज्यमन्त्रीबीच कुरा बाझिँदा घिसिङलाई हटाउने प्रस्ताव पेस हुन नसकेको ऊर्जा राज्यमन्त्री पूर्णबहादुर तामाङ (कान्छाराम)ले बताए। कुलमानलाई हटाउने प्रस्ताव नलैजान मन्त्री खड्कालाई अनुरोध गरेको उनले दाबी गरे।

प्राधिकरणको संचालक समितिको अध्यक्षमा खड्का नियुक्त भएयता आन्तरिक भ्रमण काज, बिदा, अन्तर्राष्ट्रिय भ्रमणमा कति पटक गएको भन्ने विषयमा पनि घिसिङलाई स्पष्टीकरण दिनू भनिएको छ।

मन्त्री खड्काले १३ कात्तिकमा ६ बुँदे र २२ पुसमा ९ बुँदे स्पष्टीकरण सोधेका थिए। घिसिङले २८ पुसमा बुझाएको स्पष्टीकरण वस्तुगत र चित्तबुझ्दो नभएको अहिलेको स्पष्टीकरणमा भनिएको छ। यसअघि पहिलो पटक कार्यकारी निर्देशक घिसिङलाई मन्त्रालयले २३ असोज १५ बुँदामा विवरण माग गरेको थियो। त्यसबेला ट्रान्सफर्मर खरिदलगायत विषयका विवरण मागिएको थियो।

घिसिङमाथि सरकारको सहमतिबिना भारतबाट आयात गरेको विद्युत्मा महसुल वृद्धि गरेको भन्दै स्पष्टीकरण सोधिएको मन्त्रालयको दाबी छ।

'यही १२ फेब्रुअरी २०२५ मा भारतको नयाँ दिल्लीमा भएको नेपाल-भारत द्विपक्षीय विद्युत् विनिमय समितिको बैठकमा नेपाली प्रतिनिधिमण्डलको टोली नेताको हैसियतमा त्यसतर्फ जाँदा कुन निकायको स्वीकृति लिएर जानुभएको हो?', स्पष्टीकरणमा सोधिएको छ।

'नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूचीको विषय संख्या २० र २३ अनुसार नेपाल सरकार, मन्त्रिपरिषद्मा पेस गर्नुपर्ने विषयमा तपाईंले मन्त्रालयको सहमति नलिई आर्थिक दायित्व बढ्नेगरी द्विपक्षीय वार्ताको माध्यमबाट तयार भएका सहमतिपत्रमा हस्ताक्षर गर्ने अख्तियारी कसरी प्राप्त गर्नुभएको हो ? कार्यकारी निर्देशकको हैसियतले २४ घण्टाभित्र स्पष्टीकरण पेस गर्नुहुन नेपाल सरकार (मन्त्रीस्तर)को मिति २०८१/११/१३ को निर्णयानुसार जानकारी गराइन्छ', स्पष्टीकरणमा उल्लेख छ।

## बचाउमा...

गरेर सोमबारको प्रस्ताव फिर्ता गराएको हुँ। फेरि आज स्पष्टीकरण सोधेर नचलाएको भए हुन्थ्यो।'

घिसिङलाई विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट हटाउन नहुने पक्षमा आफू रहेको तामाङको भनाइ छ। 'म कुलमानलाई हटाउने पक्षमा छैन। जनताको पक्षमा काम गरेका कुलमानलाई हटाएर कसलाई ल्याउने हो र ? तर, मन्त्रीज्यूले किन हटाउने तयारी गर्नुभएको हो, त्यो उहाँलाई नै सोध्नुहोला।'

प्रधानमन्त्री निवास बालुवाटरमा बसेको मन्त्रिपरिषद्को बैठकमा उक्त प्रस्ताव लैजाने तयारी भए पनि अन्ततः फिर्ता भएको थियो।

## मापदण्डबमोजिम...

समय बस्नुपर्ने, त्यसरी बस्दा भिसा शुल्क वा ठूलो मात्रामा जरिमाना तिर्नुपर्ने हुँदा कामदार थप समस्यामा पर्ने गरेका छन्।

कम्बोडिया, लाओस, म्यानमार र थाइल्यान्डलगायत मुलुकमा अलपत्र परेका नेपाली नागरिकहरूको उद्धारका लागि कठिनाइ भइरहेको उल्लेख गर्दै दूतावासले प्रक्रियाअनुसार श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान आग्रह गरेको हो।

दूतावासले कसैको प्रलोभन परी छिटो, धेरै पैसा कमाउने हेतु वैदेशिक रोजगारीमा नआउनका लागि सम्बन्धित सबैमा पुनः अनुरोध गरेको छ।

विशेषगरी चिनियाँ मूलका आपराधिक गिरोहले चिनियाँ नागरिकसहित अन्य मुलुकका विदेशी कर्मचारीहरू राखेर चिनियाँ, भारतीय र विश्वका अन्य धनाढ्यहरूलाई लक्षित गरी खेल सट्टेबाजी, क्रिप्टो करेन्सी र लगानी परियोजनाको प्रलोभनमा पारी जबरजस्ती अनलाइन ठगीको काममा लगाउने गरेको खुलेको छ।

नेपाली दूतावासले आमसंचार माध्यम तथा नागरिक समाजलाई समेत भिजिट भिसामा नजाने सन्देश प्रवाह गरी सहयोग गरिदिन आग्रह गरेको छ।

## अन्यायपूर्ण ...

भेटेर वैदेशिक रोजगार ऐनमा अन्यायपूर्ण व्यवस्था राखेर संशोधन गर्न खोजिएकाले पूर्ववत् व्यवस्था यथावत् राख्नुपर्ने भन्दै ध्यानाकर्षणपत्र बुझाएका हुन्।

केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमा वैदेशिक रोजगार ऐनको दफा ५३ लाई संशोधन गरी गलत विवरणका आधारमा वैदेशिक रोजगारमा कामदार पठाए संख्याको आधारमा १ जनाको १ लाख रुपैयाँका दरले जरिमाना गर्ने व्यवस्था गरिएको छ। उक्त विधेयक संसद्मा विचाराधीन छ।

संशोधन विधेयकमा गरिएको व्यवस्था अन्यायपूर्ण रहेको भन्दै गणतान्त्रिक मञ्चले उक्त व्यवस्थाले म्यानपावर कम्पनीहरूलाई पेसा व्यवसायबाट बञ्चित गराउने बताएको छ। मञ्चका अध्यक्ष धनलाल जैशीले हालको कानुनको कार्यान्वयनमा कर्मचारीले त्यसको दुरुपयोग गरिरहेको गुनासो आएको अवस्थामा १ जनाको १ लाख जरिमाना गरे व्यवसायी समस्यामा पर्ने मध्यान्ह दैनिकलाई बताए।

महासचिव दिमदोङले १० हजार रुपैयाँ सेवा शुल्क लिएर कामदार पठाउनुपर्ने म्यानपावर कम्पनीलाई १ जना कामदारको १ लाख जरिमाना गर्ने व्यवस्था अत्यन्तै हचुवा, अव्यावहारिक र प्राकृतिक न्यायको सिद्धान्तको समेत विपरीत हुने भएकाले कुनै पनि अवस्थामा उक्त प्रावधान फिर्ता गरेर हालैको व्यवस्था यथावत् राख्नुपर्ने माग गरे।

हाल कार्यान्वयनमा रहेको वैदेशिक रोजगार ऐनको दफा ५३ मा इजाजतपत्रवालालाई गलत विवरण दिए १ लाख रुपैयाँ जरिमाना गर्ने प्रावधान छ। मञ्चका महासचिव दिमदोङले पनि हालको व्यवस्थाको कतिपय कर्मचारीले जथाभावी व्याख्या गरेर दुःख दिने गरेको अवस्थामा १ जनाको १ लाख जरिमाना गर्न सुरुवात गरेपछि कुनै पनि व्यवसायीले व्यवसाय संचालन गर्न नसक्ने भएकाले समितिका सभापतिको ध्यानाकर्षण गराउन बाध्य भएको बताए। त्यसैगरी मञ्चले अव्यावहारिक प्रमाणित भएको फ्री भिसा फ्री टिकटको परिमार्जन, नेपाल दूतावासबाट अनिवार्य मागपत्र प्रमाणीकरण, घरेलु कामदारमाथिको प्रतिबन्ध, नेपाली दूतावासहरूमा सेल्टर हाउस, समस्यामा परेका कामदारको कानुनी प्रतिरक्षा, नेपाली नियोगहरूको प्रभावकारिता जस्ता विषयमा पनि लामो समयदेखि देखिएका समस्या यथावत् रहेकाले ती विषय समाधानका लागि पहल गरिदिन पनि सभापति सुवेदीलाई आग्रह गरेको महासचिव दिमदोङले जानकारी दिए।

---

## नागरिक उड्डयन प्राधिकरण टुक्र्याउने विधेयक संसद्मा




**काठमाडौं/मस**–नेपालमा हवाई क्षेत्रमा सेवा प्रदायक र नियामक निकाय बनाउने गरी तयार गरिएको विधेयक प्रतिनिधिसभामा प्रस्तुत गरिएको छ। संस्कृति, पर्यटन र नागरिक उड्डयनमन्त्री बद्री प्रसाद पाण्डेले नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयक-२०८१ र नेपाल नागरिक उड्डयन प्राधिकरण सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक-२०८१ मंगलबार बसेको प्रतिनिधिसभा बैठकमा प्रस्तुत गरेका हुन्।

मन्त्री पाण्डेले प्रतिनिधिसभा बैठकमा दुईवटा विधेयक प्रस्तुत गर्दै भने, 'नेपालको नागरिक उड्डयन सेवालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको बनाउन र सेवालाई भरपर्दो बनाउनका लागि बाञ्छनीय भएकाले आधुनिक सुविधायुक्त विमानस्थल बनाउन र हवाई सेवालाई मर्यादित बनाउन नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयक२०८१ र नेपाल नागरिक उड्डयन प्राधिकरण सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक-२०८१ प्रस्तुत गर्दछु।'

यसअघि ५ पुस २०८१ मा बसेको मन्त्रिपरिषद् बैठकले दुबै विधेयकलाई संसदमा पेश गर्ने निर्णय गरेको थियो। नेपालमा पछिल्लो डेढ दशकदेखि उड्डयन क्षेत्रमा सेवा प्रदायक र नियामक निकाय छुट्याउने बहस सुरू भएपनि उक्त काम सम्पन्न हुन सकेको थिएन। यसअघि ११ फागुन २०७६ मा नेपाल नागरिक उड्डयन प्राधिकरण टुक्राएर सेवा प्रदायक र नियामक निकाय बनाउने विधेयक राष्ट्रिय सभामा दर्ता भएको थियो। राष्ट्रिय सभाले उक्त विधेयक १८ साउन २०७८ मा पारित समेत गरेको थियो। तर, प्रतिनिधि सभाबाट भने विधेयक पारित हुन सकेन। जसले गर्दा प्रधिकरणलाई छुट्याएर नेपाल हवाई सेवा प्राधिकरण स्थापना गर्ने विधेयक निष्क्रिय भएको थियो।

अहिले फेरि नागरिक उड्डयन प्राधिकरणलाई सेवा प्रदायक र नियमनकारी निकाय छुट्याएर आधुनिक सुविधायुक्त विमानस्थल बनाउन र हवाइ सेवालाई मर्यादित बनाउन दुईवटा विधेयक संसद्मा प्रस्तुत गरिएको मन्त्री पाण्डेले जानकारी गराए।

# राजनीतिको केन्द्र सधैं जनता हुनुपर्छ : राष्ट्रपति

**काठमाडौं/मस–** राष्ट्रपति रामचन्द्र पौडेलले नेपालीको आकांक्षा अनुसारको सुशासन, विकास र समृद्धिको बाटोमा नेपाललाई डोऱ्याउन राजनीतिक दल र नेतृत्व अग्रसर हुनुपर्नेमा जोड दिएका छन् ।

महेन्द्र नारायण निधि स्मृति प्रतिष्ठानद्वारा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले मलुकलाई सुशासन, विकास र समृद्धिको बाटोमा डोऱ्याउन सकेमात्र व्यववस्थाप्रति जनताको भरोसा जगाउँदै संघीय लोकतान्त्रिक गणतन्त्रले परिलक्षित गरेको विकास र प्रगतिको लक्ष्य हासिल गर्न सकिने स्पष्ट गरे ।



उनले राजनीतिको केन्द्र सदैव जनता हुनुपर्ने भन्दै त्यसका लागि लोकतन्त्रको सुदृढीकरण, सुशासन, सामाजिक न्याय र समृद्धिलाई प्राथमिकतामा राख्नुपर्ने बताए । राष्ट्रपति पौडेलले राजनीतिक परिवर्तनको प्रतिफल गरिब, पिछडिएका र आर्थिक अवस्था कमजोर भएका वर्गको अधिकतम हित हुने गरी उनीहरुको घरदैलोमा पुऱ्याउन सरकारले आफ्नो नीति तथा कार्यक्रम र बजेट तर्जुमामा विशेष ध्यान दिनुपर्ने उल्लेख गरे । उनले महेन्द्र नारायण निधिजस्ता नेताहरूको लोकतन्त्रप्रतिको निरन्तर संघर्ष, त्याग र निष्ठाले नै आज हामी मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न सफल भएको बताए । राष्ट्रपति पौडेलले निधिजीका आदर्श राजनीति, सिद्धान्तप्रतिको निष्ठा तथा सादगी जीवन शैली प्रेरणादायी भएको बताउदै पाँच दशक अहिंसा, शान्ति, लोकतन्त्र र सर्वसाधारण नागरिकसँग रहेर समुदायबीच सद्भाव तथा सामाजिक न्यायका पक्षमा निधिले गर्नुभएको काम हामी सबैका लागि सँधै प्रेरणाको स्रोतका रुपमा रहिरहने स्पष्ट पारे । कार्यक्रममा लोकतान्त्रिक आन्दोलनमा आफूलाई सँधै समर्पित गर्ने नरेन्द्रप्रसाद मिश्र र शर्मा शाहीलाई पुरस्कृत गरिएको थियो ।

# 'रविलाई लखेट्न सिंगो राज्यसत्ता नै लाग्यो'

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १३ फागुन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रमुख सचेतक सन्तोष परियारले सिंगो राज्य लागेर पार्टी सभापति रवि लामिछानेलाई लखेट्न खोजेको आरोप लगाएका छन् । मंगलबार वीरेन्द्रनगरमा आयोजना गरिएको पत्रकार सम्मेलनमा बोल्दै उनले आफ्नो पार्टीलाई समाप्त पार्न सिंगो राज्यसत्ता नै लागेको आरोप लगाएका हुन् । सत्ताधारी दलले अनावश्यक विवादमा पारेर पार्टी नै सक्काउन खोजेको बताउँदै रास्वपालाई समाप्त गर्ने प्रयास परिवर्तनकारीहरूविरुद्ध रहेको उनको दाबी थियो ।



सचेतक परियारले दुई तिहाई सरकारले गरेको काममा आफुहरु असन्तुष्ट रहेको बताए । 'दुई तिहाइको सरकार छ तर पनि काम गर्न नसकेर रनभुल्ल भएको छ,' उनले भने, 'सरकारले जनताको सेवा गर्न नाममा जनतालाई नै घाइते बनाएको छ ।' सचेतक परियारले नेपालको आर्थिक अवस्था झनै कमजोर बन्दै गएको बताउँदै मुख्य राजनीतिक दलहरु नै रास्वपालाई सिध्याउन व्यस्त भएको बताए ।

उनले रवि लामिछानेको सांसद पद निलम्बन गर्नकै लागि सम्पति शुद्धीकरणको मुद्दा लगाएको आरोप लगाए । पुराना दल जनताको पार्टी बन्न नसक्दा रास्वपाको उदय भएको उनको दाबी थियो । 'रास्वपाको उदयले पुराना राजनीतिक दलहरु डराएका छन् । त्यसैले रास्वपा नबने नयाँ पुस्तालाई समेत घाटा हुन्छ' उनले भने, 'रास्वपालाई ढाल्ने प्रयत्न भइरहेको छ । यदि रास्वपा सिद्दिएमा कैयौं वर्षसम्म नयाँ धार खडा हुने छैनन्, त्यो सम्भव पनि छैन, यी पुरानै दलले जनतालाई ठगिरहने छन् । त्यसैले रास्वपा बनाउनमा नयाँ पुस्ताले साथ दिनुपर्छ ।'

पुराना राजनीति दल भ्रष्टाचार, घुसखोरी, नातावाद, कृपावादका फसेका भन्दै अब मुलुक निर्माणको जिम्मा रास्वपाले इमानदार र गम्भीर भएर लिन चाहेको उनले स्पष्ट पारे । साथै सचेतक परियारले अहिले सभापति लामिछानेसँग निरन्तर आफ्नो छलफल भइरहेको र अदातलमा मुद्दा चलिरहेका कारण कुनै पनि विषयमा नबोल्ने बताएको जानकारी दिए ।

# अलैंचीको रेसाबाट आत्मनिर्भर बनाउन महिलालाई तालिम

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, १३ फागुन

लमजुङका महिलाहरुलाई आत्मनिर्भर बनाउन अलैँचीको रेसाबाट हस्तकला सामग्री बनाउने तालिम प्रदान गरिएको छ ।

जिल्लामा प्रशस्त खेति हुने अलैँचीको रेसाबाट विभिन्न सामग्री बनाउन महिलालाई तालिम दिइएको हो । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ लमजुङ(मनाङ)ले अलैंची उप-उत्पादनबाट सामग्री बनाउने जिल्लास्तर ५ दिने तालिम यहाँका १० जना महिलालाई दिएको छ । यस परियोजना कार्यालयका निमित्त कार्यालय प्रमुख हरिबहादुर मिजारका अनुसार जिल्लाका मर्स्याङ्दी गाउँपालिका र क्व्होलासोथर गाउँपालिकाका महिलालाई तालिम दिइएको हो । उनले भने, 'जिल्लामा अलैंची मात्र बिक्री भइरहेका छन्, अलैंचीको लाप्राहरु खेर गइरहेका छन् यसको पनि सदुपयोग गर्दै लाप्रालाई स्थापित गर्न, रोजगारी सिर्जना गर्न, होमस्टेहरुमा बिक्री गर्न र गाउँले पसलहरुमा बिक्री गरेर आम्दानी गर्नका लागि महिलाहरुलाई तालिम दिएका छौँ ।'

यस तालिम बढी प्रभावकारी हुने देखिएकाले उनीहरुलाई तालिम दिएको र यसलाई उद्यमी बनाउने उनको भनाइ छ । उनले चालू वर्षको वार्षिक कार्यक्रम अन्तर्गत १ लाख २० हजार रुपैयाँ बजेटबाट तालीम प्रदान गरेको बताए । तालिममा सहभागी महिलाहरुलाई नैनकला गुरुङले प्रयोगात्मक रूपमा अलैंचीको लाक्राबाट पेन्सिल बक्स, पर्स, ब्याग, झण्डा लगायतका सामग्री बनाउन प्रशिक्षण दिए ।



'हाम्रो बारीमा हामीले २० वर्षअघि देखि करिब ११ हल लाग्ने जमिनमा अलैँची खेति गर्दै आएका छौं, अलैंची लाप्राहरु हामीले कुहियाएर त्यसै फाल्दै आयौं, तर अहिले तालिम लिएपछि यसको सदुपयोग गर्न सके यसबाट पनि विभिन्न हस्तकला सामग्री बनाउन सकिने र आम्दानी पनि हुने रहेछ' मर्स्याङ्दी गाउँपालिका ७ छिनखोलाका सुनमाया तामाङले भने ।

अब गाउँलेलाई पनि त्यसरी नै सिकाउने र खेर गइरहेको अलैंचीको लाप्राको सदुपयोग गर्दै आम्दानी गर्न गाउँलेलाई सल्लाह दिने उनको भनाइ छ । उनले टि म्याद, पेन होल्डर, टोपी, चम्पल, ब्यागलगायतका सामग्री बनाउन सिके, यी सबै सामग्री हामीले बजारबाट किनेर प्रयोग गर्दै आएका छौं अब यस्ता सामग्री घरमा बसीबसी आफैं बनाएर बिक्री गरेर आम्दानी गर्ने बताइन् । त्यस्तै, क्व्होलासोथर गाउँपालिका वडा नं. ६ पसगाउँका टकमाया गुरुङले भनिन्,'अलैँचीबाट सामगी बनाउने मलाई त थाहा नै थिएन, सियो नि नचलाउने मान्छेहरु हामी त झनै अलैंची पकाएर धाको निकालेर सामग्री बनाउने होला जस्तो लाग्थ्यो, तर अहिले आफैं तालिम लिएपछि सबै कुरा बुझ्ने जान्ने भए ।'

'अब फाल्ने गरेको अलैँचीको लाप्राहरुबाट रेसा निकालेर विभिन्न सामग्री बनाएर बिक्री वितरण गरेर आम्दानी गर्नेछु' उनले थपिन् ।

जिल्ला समन्वय समिति लमजुङका प्रमुख पूर्णबहादुर गुरुङले तालिमले महिलालाई सीप सिकाएर आत्मनिर्भर बनाउन टेवा पुऱ्याएको बताए । गाउँघरमै बसेर खेर गएको बोट बिरुवाबाट विभिन्न सामग्री बनाएर आम्दानी गर्न सकिने भएकाले यसको लाभ उठाउन उनले आग्रह गरे । जिल्लाका किसाने अलैंची दाना बिक्री गरेर मात्र यस वर्ष २२ करोड आम्दानी गरेका छन् । यतिका आम्दानी गरेका अलैँचीका बोट त्यसै खेर गइरेपनि अब सामग्री बनाउन उनीहरुले सीप सिकेसँगै यसबाट पनि राम्रो आम्दानी गर्ने भएका छन् ।

## अपिहिमाल गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**खण्डेश्वरी, दार्चुला**

**त्रूटी सच्याइएको सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८१/११/१४**

यस गाउँपालिकाको मिति २०८१/११/११ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित Procurement for Construction of Kafaldhar To Gaupalika Kendra Road (AHRM/DAR/NCB/Works-02-2081/2082) को Bid Bound Amount (NRs) २,५०,०००।०० हुनुपर्नेमा २५,०००।०० मात्र भएकाले सच्याइएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**
**अपिहिमाल गाउँपालिका**

## रावा बेसी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**हरमटार, कुभिण्डे, खोटाङ**
**स्था-२०७३**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८१/११/१४ गते**

यस गाउँपालिकाको तपसिल अनुसारको गुप्तेश्वर महादेव निर्माण एवम् संरक्षण कार्यको लागि मिति २०८१/०९/१७ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका एवम् https://www.bolpatra.gov.np/egp मा समेत प्रकाशित सूचना अनुसार मिति : २०८०/१०/१८ गते आर्थिक प्रस्ताव खोलि र प्राविधिक प्रस्ताव खोली मिति : २०८१/११/१३ गते प्राविधिक र आर्थिक प्रश्ताव खोलि रितपूर्वक विद्युतीय प्रणालि (e–Bid) मार्फत दर्ता हुन आएको बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिन आएको देहाय अनुसारको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | योजनाको नाम | छनौट भएको दरभाउपत्र दाता | दरभाउ दाताको कबोल अंक. (मु.अ.कर सहित) |
|---|---|---|---|
| RAWA/Works/NCB-01/2080/081 | Gupteshwor Mahadev Nirman Avam Samrakhxan Karya | Yozan construction Pvt.Ltd. Baneshwor 10 kathmandu Nepal | RS. 80,96,688.20 |

**प्रमुख प्रशासकीय अधिकृत**

## औरही गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**औरही, सिराहा**
**मधेश प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

सूचना प्रकाशन मिति २०८१/११/१४ गते

यस कार्यालयबाट तपसिल बमोजिमको कार्यका लागि आह्वान गरिएको बोलपत्र सम्बन्धी सूचना बमोजिम e-Bid मार्फत रितपूर्बक दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक पक्षको मूल्यांकन गर्दा देहाय बमोजिमका बोलपत्रदाताहरु Bid Document वमोजिम सफल देखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ज) को उपनियम ५ बमोजिम मिति २०८१/११/२१ गते दिनको १०:०० बजे यस कार्यालयमा खोलिने भएकाले सार्वजनिक खरिद नियामावली, २०६४ का नियम ३१(ज) को उपनियम ५ को अनुसार सम्बन्धित सवैको जानकारीका लागि या सूचना प्रकाशित गरिएका छ ।

तपसिल

| सि. नं. | ठेक्का नं. | ठेक्काको नाम | प्राविधिक पक्षको मुल्यांकनमा सफल बोलपत्रदाताहरु |
|---|---|---|---|
| 1. | ARM-02-Works-2081/082 | Construction of Agriculture Market Infrastructure at Aurahi Ga.Pa-5 | Sabira Construction Ka.ma.Na.Pa-03 KTM |

**प्रमुख प्रशासकीय अधिकृत**

## कोन्ज्योसोम गाउँपालिका
༄༅། ཀོན་ཇོ་སོམ་གྲོང་པ་ལི་ཀ།
### गाउँ कार्यपालिकाको कार्यालय
**चौघरे, ललितपुर**
**बागमती प्रदेश, नेपाल**

**सिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः२०८१/११/१४**

यस कार्यालयबाट मिति २०८१/१०/०१ गते सौर्य दैनिक पत्रिकामा प्रकाशित सिलबन्दी बोलपत्र सूचनानुसार मिति २०८१/११/०१ गते दिनको १२:०० बजे सम्म दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरू मध्ये तपशिलमा उल्लेखित भएका सिलबन्दी बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्विकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐनको दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | कार्यको विवरण | छनौट भएको कम्पनी | कबोल रकम (मु.अ.कर.समेत) रु. |
|---|---|---|---|
| 1 | Construction of Kancha Kaji Sikariko Ghar Dekhi Watisong Hudai Basuki Samma Sadak Starronati, Identification No: KRM/NCB/REW/081/82-05 | Konjyosom Construction and Suppliers Pvt. Ltd., Chaughare, Lalitpur | 60,21,668.17/- |

**प्रमुख प्रशासकीय अधिकृत**

**साउदीमा रोजगार**
कम्पनीः Alwathiq company for maintenance and cleaning — शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८१/११/१३ — चलानी नं.: ६०२३३५६६ — LT. No.: 319387

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Facade Class Cleaner | 2 | 0 | स. काममा दक्ष | 1400 | ५१,६७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २१ गते (5 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**United World Manpower Pvt. Ltd.** — श्रम इजाजत नं. १२२०/०७४/७५
Sinamangal-9, Kathmandu, Tel: 01-4116602, Fax: 4116602
Email: info@uwmanpower.com, uwmanpower@gmail.com, Web.: www.uwmanpower.com

**युएईमा रोजगार**
कम्पनीः HIGH ACCESS TECHNICAL SERVICES L.L.C — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/११/१३ — चलानी नं.: ६०२३३५७५ — LT. No.: 319353

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 6 | 0 | स. काममा दक्ष | 1000 | ३७,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २१ गते (5 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.**
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
Govt. Lic. No.: 821/066/067 — ISO 9001 : 2015

**कुवेतमा रोजगार**
कम्पनीः AL HUDA KIDS / NURSERY — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/११/१३ — चलानी नं.: ६०२३३५७३ — LT. No.: 319377

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Indoor | 0 | 15 | स. काममा दक्ष | 110 | ४९,३५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २१ गते (5 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**HABiBi International Recruitment Pvt.Ltd.** — Gov Lic No: 1666/080/081
पिंगलास्थान, काठमाडौं, नेपाल । फोन नं: ०१-४५९५१७१ E-mail : info@habibirecruitment.com
Website:www.habibirecruitment.com

मध्यान्ह
www.madhyanhadaily.com
१४ फागुन २०८१ बुधबार
26 February 2025, Wednesday

## सम्पादकीय

# सद्भावपूर्ण होऊन् पर्व

हामीकहाँ विविध संस्कृति र समुदाय छन्, जो आपसी सद्भाव र सहिष्णुतामा बाँचेका छन् । हरेक समुदायका आ–आफ्ना रीतिथिति, संस्कार, संस्कृति र चाडपर्व छन् । ती सबैका आफ्नै खालका विशेषता छन् । यिनैमध्ये हिन्दु समुदायले मनाउने एउटा ठूलो पर्व हो– महाशिवरात्रि । फाल्गुण कृष्ण त्रयोदशीका दिन पर्ने महाशिवरात्रि नेपाली हिन्दुहरूको मात्र नभएर विश्वभरका हिन्दु समुदायको पर्व हो । यसमा हिन्दुहरूले मान्ने भगवान् महादेव अर्थात् शिवको पूजा, आराधना गरिन्छ । यस पर्वमा आराध्यदेव मानिने पशुपतिनाथमा ठूलो मेला नै लाग्ने गर्छ, जहाँ विशेषगरी नेपाल र भारतबाट लाखौंको संख्यामा तीर्थालुहरू आउँछन् ।

आज बुधबार शिवरात्रि पर्व परेको छ । पाशुपत क्षेत्र तीर्थालु भक्तजनहरूले भरिएको छ । साधुसन्तदेखि सर्वसाधारणसम्म उपस्थित भई शिवको पूजा आराधनामा मस्त छन् । धर्म, संस्कृतिहरू आपसी सद्भाव र भाइचारा अनि सहिष्णुताका लागि हुन्, अनुशासनका लागि हुन् । विगतमा संसारभर धर्मले शासन गरेको पाइन्छ । त्यसबेलाको धर्मप्रतिको बुझाइ फरक थियो भने आज फरक छ/हुनुपर्छ । धर्म वा संस्कृतिलाई विशुद्ध अनुशासनका रूपमा, एकता र सद्भावका आधारका रूपमा लिनुपर्छ । कुनै पनि समुदायका धर्म, संस्कार र संस्कृतिका असल पक्षलाई अनुसरण गर्दा हानि नोक्सानी हुँदैन । तर, कतिपय संस्कार र परम्परामा प्रश्न जीवित छन् । ती प्रश्नबाट मुक्त हुन त्यस्ता अस्वाभाविक र त्याज्य संस्कार, परम्पराबारे गम्भीर भएर सोच्न जरूरी छ ।

शिवरात्रिकै सन्दर्भमा पनि 'शिवजीलाई गाँजा/भाङ मनपर्थ्यो' भन्ने आधारमा हामीले पनि गाँजा/भाङको सेवन गरी उपद्रो गर्नतिर लाग्यौं भने त्यो सही नहुन सक्छ । सद्भाव र सहिष्णुतामा यस्ता स्नायु प्रणालीमै दख्खल गर्ने नशाका कारण खलबल हुन सक्छ । यस्ता मान्यता र गलत परम्परा हरेक समुदायका चाडपर्वमा हुन सक्छन् । ती कुराहरूलाई त्याज्य मान्यता वा परम्पराका रूपमा लिइनु र परिमार्जन गर्नु बुद्धिमानी ठहर्छ । यससँगै सामाजिक, धार्मिक, सांस्कृतिक सद्भाव र सहिष्णुतालाई प्रवर्द्धन गर्न हरेक समुदायका संस्कृति, रीतिथिति र परम्परालाई समान सम्मानपूर्वक लिइनुले सामाजिक सद्भाव थप बलियो हुने छ । महाशिवरात्रिको सबैमा हार्दिक शुभकामना !

# शिवरात्रि : सर्व धर्म मान्य पर्व

'स्व धर्मे निधनं श्रेय, परधर्मो भयावहः' भन्ने गीताको अंशलाई लत्याइयो छ । सत्ता टिकाउन शिवलिंगभित्र सुनको नाम लेखाउन उद्यत् हुने क्विन्टलको सुन अर्पण गर्नेहरूले अब बुझ्न जरुरी छ कि यो देश एक मात्र दैवी भूमिको हो भनेर...

धर्म-संस्कृति



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

शिवरात्रि महान पर्व हो हाम्रो । हाम्रो मात्र नभएर विश्वकै वैदिक सनातनीहरूको पनि । आ-आफ्ना धर्मअनुसार जेरुसेलम, मक्का, मदिना जाने गर्छन् भने विश्वका तमाम हिन्दु अनुयायीहरू जीवनमा एक पटक भए पनि पावन पशुपतिमा आउन रुचाउँछन् ।

फागुन कृष्ण त्रयोदशी शिवरात्रि पर्व हो । यो रात्रिमा भगवान् शिवको ४ प्रहर विशेष पूजा हुन्छ । विश्वको शिरो भाग पशुपतिनाथको पञ्चमुखी स्वयम्भू ज्योतिर्लिंग अन्यत्र कतै छैन, छ यहीँ मात्र । तमाम धाम र तीर्थ यात्राको पूर्णता तब मात्र हुन्छ, जब पशुपतिनाथमा पुगिन्छ ।

देशकै उत्कृष्ट स्थल पाशुपत क्षेत्रलाई सुरम्य बनाउने हो भने, वैदिक सनातनीहरूले नै हाम्रो पर्यटन क्षेत्रको अधिक विकासको गति दिन सक्छन् । अहिले नास्तिकता फैलाउने, धर्म परिवर्तन गराउने भ्रष्टहरूको नामले अंकित छ देश ।

अमेरिकाका राष्ट्रपतिले नेपालका नेताहरूलाई भ्रष्ट नेता भनिसकेका छन् । हामी अरूको धर्मको विरोध गर्दैनौं तर धर्मान्तरण असह्य हुन्छ । धर्मान्तरणका लागि अतीतमा जसले मलजल गरेको छ, अब प्रायश्चित गर्नुपर्छ, सायद अब दाताहरू पनि घट्लान्, त्यसको संकेत आइसकेको छ । सिद्धान्त एउटा राखेर काम अरू नै गर्नेहरूको मुखुण्डो पनि अब खुलिसकेको छ ।

जसले देशलाई यति ठूलो सम्भावना हुँदा पनि धर्मनिरपेक्ष गरायो, त्यसको प्रायश्चित, पाप धुने काम गर्दै कुम्भतिर हानिएको देखिएको छ । 'स्व धर्मे निधनं श्रेय, परधर्मो भयावहः' भन्ने गीताको अंशलाई लत्याइयो त्यहाँ । सत्ता टिकाउन शिवलिंगभित्र सुनको नाम लेखाउन उद्यत् हुने क्विन्टलको सुन अर्पण गर्नेहरूले अब बुझ्न जरुरी छ कि यो देश एक मात्र दैवी भूमिको हो भनेर ।


मूल शिवलिंग मात्र होइन, यहाँ १० जिल्लाहरूमा ६४ ज्योतिर्लिंगहरू पनि छन् । शिव र शक्तिको संयुक्त पीठ हो नेपाल । सिन्धुलीको कुशेश्वरदेखि ६४औं ज्योतिर्लिंग पशुपति कैलाश मुनिको रूद्रगारेश्वर यहीँ छन् र हरेक क्षेत्रमा शिवका मन्दिरहरू छन् ।

इतिहासले भनेको छ- नेपालमा बस्तीका घरभन्दा बढी मन्दिरहरू छन् । यति ख्याल नै नगरी राजनीतिकर्मीहरूले सस्तो लोकप्रियता प्राप्त गर्न धर्मनिरपेक्ष गराए तर नेपालीहरूको मनबाट भने गएको छैन यो । अब तुरन्तै सच्याउनुपर्छ, होमिएर प्रयाग पुग्नेहरूले, पण्डा बन्नेहरूले सोच्नुपर्छ- विगतमा ठूलो गल्ती भयो भनेर ।

वर्षभरमा प्रमुख ४ रात्रिहरू छन् । श्रीकृष्णाष्टमीको रात्रि मोहरात्रि हो, देवीको दसैं कालरात्रि हो भने लक्ष्मीपूजाको सुख रात्रि अनि शिव आराधनाको फाल्गुण कृष्ण त्रयोदशीको रात्रि भने शिवरात्रि हो ।

अन्यान्य देवहरूलाई देवता मात्र भनिने र जहिले अजन्मा रहने ठूला देवतालाई महादेव भनिन्छ । पञ्चमुखी स्वप्राकाटच शिवलिंगको प्रतीक पशुपतिनाथ विश्वमा अन्यत्र छैन, केवल हाम्रो भूमि काठमाडौंमा छ र सबै हिन्दुहरूका लागि हाम्रो भूमि एक मात्र पवित्र तीर्थस्थल, गन्तव्यस्थल र मुक्तिस्थल बनेको छ । यहाँ शिवरात्रि पर्व बडो धुमधामका साथ मनाइन्छ । यो पर्व यसपालि १४ फागुनमा परेको छ ।

त्यसो त पशुपतिमा दर्शन गर्नेहरू शिवरात्रि मात्र होइन, हरेक सोमबार, शनिबार, तीज, बालाचतुर्दशी, जनै पूर्णिमा, श्रावणमा पूरै भीड हुने गर्छ । आर्यघाट, जहाँ शवदाह गरिन्छ, पुनर्जन्म हुन्न र क्रूर पापी भए पनि यहाँ शवदाह गरेपछि मोक्ष, मुक्ति पाउँछ भनिएको छ ।



सुख र दुःख दुवै समय हाम्रा लागि पशुपति नै हो, अन्तिम आश्रयस्थल हो त्यो । अघिपछि आफैं जाने मानिसहरू मृत्युपछि बोकिएर त्यहीँ पुग्छन् । अन्तिम संस्कार राम्रो भयो भने तमाम कुलको समेत रक्षा हुने विधानशास्त्रले बताएको छ भने हिजोआजको परिवेश नास्तिकतासँगै अविश्वास बढ्न गएको देखिन्छ । त्यहीँ देवताका नाममा ब्रह्मलुट गर्नेहरूको पनि कमी छैन । वास्तवमा शिवस्व खानु हुँदैन, त्यो फलामको चिउरा सरह हुन्छ र अपच हुने गर्छ ।

शिवलाई मनपर्ने बेलपत्र, धतुरो, शुद्ध जल, पिताम्बर, रुद्राक्ष, पञ्चामृत हो, रुद्राभिषेक हो, वेद हो, असल भक्तहरू हुन् । लोटा लिएर काठमाडौं छिर्नेहरू आज उनको सेवाकै कारण धनाढ्य बनेका छन् । भोग, ऐश्वर्य, भुक्ति, मुक्ति, भनौं, मानिसका अभीष्ट पूरा गरिदिने महादेव आफू घाटमा रहेर अरूलाई आलिशान महल दिलाउने गर्छन् । आफू भस्म लेपन गरेर अरूलाई शृंगारिक बनाउँछन् ।

एकपल्ट नाम लिनासाथ भक्तले मुक्ति पाउँछ भने २ पल्ट शिवको नाम लिँदा शिव स्वयं ऋणी बन्छन् । शिवका ४ मुख ४ वेद हुन् भने पाँचौं मुख ईशानेश्वर आकाशको प्रतीक हो, बाँकी ४ मुख ४ दिशा हुन् । शिवले नदेखेको कुनै स्थान हुन्न, उनी अन्तरयामी हुन् ।

शिव पुराण कोटी रुद्र संहितामा श्री शिव स्वयंको भनाइ छ- 'भूरि व्रतानि मे सन्ति भुक्ति मुक्ति प्रदानि च । मुख्यानि तत्र ज्ञेयानि दश संख्यानि तानि वै ॥ अष्टमी सोमबारे च कृष्णपक्षे चतुर्दशी । शिवतुष्टिकरे चैतेनात्रकार्या विचारिणा ॥ चतुर्ष्वपि बलिष्टं हि शिवरात्रिव्रतं हरे । तस्मात्तदेवकर्तव्यं भुक्तिमुक्तिफलेप्सुभि ॥'

अर्थात्, मानव जीवन भुक्ति र मुक्तिका अनेकौं व्रतहरू छन् । मेरो पूजा प्रार्थनाका लागि अष्टमी, सोमबार, कृष्णपक्षको चतुर्दशी अझ बढी महत्त्वपूर्ण छन् । त्यसमा पनि शिवरात्रि पर्वको महत्त्वबारे स्वयं शिवबाहेक अरूले बताउनै सक्दैनन् । अक्षय पुण्य चाहनेले केवल १ दिनको सो पूजाले पनि अमरताको बल प्राप्त गर्न सक्छ ।

प्रथमतः स्नान, संकल्प, दीप, कलश, गणेशको पूजा, त्रिपुण्डक वा

*फागुन कृष्ण त्रयोदशी शिवरात्रि पर्व हो । यो रात्रिमा भगवान् शिवको ४ प्रहर विशेष पूजा हुन्छ । विश्वको शिरो भाग पशुपतिनाथको पञ्चमुखी स्वयम्भू ज्योतिर्लिंग अन्यत्र कतै छैन, छ यहीँ मात्र । तमाम धाम र तीर्थ यात्राको पूर्णता तब मात्र हुन्छ, जब पशुपतिनाथमा पुगिन्छ...*

रुद्राक्षको माला धारण, ४ प्रहरको पूजामा सके ब्राह्मण, कन्या, भोजनादि विषय, ज्योतिर्लिंग, शिवालय वा पार्थिव शिवलिंग स्थापना गरेर प्राण प्रतिष्ठासहित सगुण वा निर्गुण शिवको प्रतिमा पूजा गर्नुपर्छ । ॐ नमः शिवायको मन्त्र घटीमा १०८ पल्ट जप्दै पश्चिममा सद्योजात, उत्तरमा वामदेव, पूर्वमा तत्पुरुष, दक्षिणमा अघोर अनि ऊर्ध्व मुख ईशानेश्वरको पूजा गर्ने, जे अर्पण गरिन्छ, त्यसका अलग मन्त्रसहित चढाउने गरिन्छ ।

अखण्डित अक्षता, सुगन्धित चन्दन, अगरु, बेलपत्र, तिल, करबीर, अर्कपुष्पलगायत अन्य फूलमालाहरू चढाउनुपर्छ । शिवका प्यारा वस्तु गाँजा, भाङ अर्पण गरिए पनि आफूले प्रयोग गर्नु हुन्न, हामीलाई त्यो पचाउने शक्ति छैन ।

पहिलो प्रहरको पूजा साँझ ६ बजेतिर हुन्छ भने दोस्रो प्रहरको समय रातको ९, तेस्रो प्रहरको समय रातको १२ बजे र चौथो प्रहर भनेको बिहानीपखको ३ बजे हुन्छ । पहिलो प्रहरमा शिवजीको पूजामा पान, नरिवल, अर्घ्य, श्रीफल, सेल, पुरी पक्वान्न हुन् भने शिवका प्रमुख ८ नामहरू भव, शर्व, रुद्र, पशुपति, उग्र, महत, भीम र ईशानको स्मरण गर्दै अंकुश मुद्रा, मत्स्य, धेनु, शंख, योनी, लिंग, ध्यान, ज्ञान, शाम्भवी, वर, अभय, नमस्कार, खट्वांग, धनु, पद्म, महामुद्रा तथा साष्टांग मुद्रा देखाउनुपर्छ र सकेसम्म भजन कीर्तन पनि जरुरी हुन्छ । निर्मल जलले पूर्णता दिइन्छ ।

## इतिहासमा आज

२६ फेब्रुअरी २०१९ मा भारतीय वायुसेनाका जेट विमानहरूले पुलवामा आक्रमणको प्रतिक्रियामा पाकिस्तान प्रवेश गरे र बालाकोटमा रहेको जैस-ए-मोहम्मद आतंकवादी प्रशिक्षण शिविरहरूलाई निशाना बनाएका थिए ।




२६ फेब्रुअरी १९३५ मा पहिलो राडार (रेडियो डिटेक्सन एन्ड रेन्जिङ) रोबर्ट वाटसन-वाटद्वारा स्थापना भएको थियो ।



२६ फेब्रुअरी १८१५ का दिन नेपोलियन बोनापार्ट एल्बा टापुबाट भागे र पछि फ्रान्सको सम्राटको रूपमा पेरिसको नियन्त्रण पुनः प्राप्त गरेका थिए ।



२६ फेब्रुअरी १९९३ मा इस्लामिक आतंककारीहरूले राखेको ट्रक बम न्युयोर्क शहरको वर्ल्ड ट्रेड सेन्टरको पार्किङ ग्यारेजमा विस्फोट भयो, जसमा ६ जनाको मृत्यु भएको थियो भने १ हजारभन्दा बढी घाइते भएका थिए ।



# सहकारी र अर्थतन्त्र

विचार



● राजेन्द्र गजुरेल

नेपालको आर्थिक विकासका लागि सहकारी क्षेत्रलाई बलियो बनाउनु आवश्यक छ । सहकारीहरूलाई कृषि, वित्तीय समावेशिता, रोजगारी सिर्जना, व्यापार प्रवर्द्धन तथा आधुनिक प्रविधिसँग जोड्न सकेमा अर्थतन्त्रमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ...

सहकारी संस्था भनेको समान उद्देश्य भएका व्यक्तिहरू मिलेर बनाएको आर्थिक तथा सामाजिक संगठन हो, जसले सदस्यहरूको आर्थिक सुधार तथा समग्र विकासका लागि काम गर्छ । नेपाल जस्ता विकासशील देशहरूमा सहकारीहरू ग्रामीण तथा शहरी क्षेत्रका जनतालाई वित्तीय पहुँच पुऱ्याउने, रोजगारी सिर्जना गर्ने, उद्यमशीलता प्रवर्द्धन गर्ने तथा कृषि तथा उत्पादन क्षेत्रमा योगदान पुऱ्याउने महत्त्वपूर्ण माध्यम बनेका छन् । सहकारीहरूलाई सबल बनाउने हो भने, आर्थिक समृद्धि हासिल गर्न सकिन्छ ।

नेपालमा सहकारीको इतिहास ६० वर्षभन्दा लामो छ । २००७ सालमा पहिलो पटक चितवनमा सहकारी संस्था स्थापना भएपछि सहकारी आन्दोलन व्यापक रूपमा फैलिएको छ । हाल देशभर कृषि, बचत तथा ऋण, उपभोक्ता, बहुउद्देश्यीय तथा उत्पादनमूलक सहकारीहरू गरी हजारौं सहकारी संस्था संचालनमा छन् ।

यी सहकारीहरूले लाखौं जनतालाई वित्तीय पहुँच पुऱ्याउँदै आयआर्जनका अवसर सिर्जना गरिरहेका छन् । विशेषगरी ग्रामीण क्षेत्रका किसान, महिला, युवा तथा विपन्न वर्गका व्यक्तिहरू सहकारीबाट प्रत्यक्ष लाभान्वित भइरहेका छन् ।

नेपालको अर्थतन्त्र कृषिप्रधान छ, जहाँ जनसंख्याको झन्डै ६० प्रतिशत मानिस कृषिमा आश्रित छन् । तर, परम्परागत कृषि प्रणाली, आधुनिक प्रविधिको अभाव, वित्तीय स्रोतको कम उपलब्धता तथा बजारको सीमित पहुँचले गर्दा कृषकहरू आर्थिक रूपमा सबल बन्न सकेका छैनन् ।

यस समस्याको समाधानका लागि सहकारीहरूलाई कृषकहरूसँग जोड्न सकिन्छ । सहकारीहरूले सामूहिक रूपमा बिउ, मल, आधुनिक कृषि औजारहरू उपलब्ध गराउन सक्छन् । साथै, कृषिजन्य उत्पादनहरूको प्रशोधन, भण्डारण र बजारीकरणमा सहकारीको भूमिका महत्वपूर्ण हुन सक्छ । सहकारीहरू सक्षम भएमा कृषि उत्पादन वृद्धिसँगै कृषकहरूको जीवनस्तर सुधार गर्न सकिन्छ, जसले समग्र अर्थतन्त्रलाई बलियो बनाउँछ ।

सहकारी प्रणाली वित्तीय समावेशिताका लागि पनि प्रभावकारी माध्यम बन्न सक्छ । नेपालमा अझै पनि धेरै व्यक्तिहरू बैंकिङ प्रणालीबाट बाहिर छन् । ग्रामीण भेगका नागरिकहरू औपचारिक बैंकिङ सेवाबाट टाढा रहेकाले सहकारीहरूले उनीहरूलाई वित्तीय पहुँचमा ल्याउन सक्छन् ।

सहकारीहरूमार्फत बचत गर्ने बानी बसाल्न सकिन्छ, साना व्यवसायी तथा उद्यमीहरूले सहुलियतपूर्ण ऋण पाउन सक्छन्, जसले लघु तथा मझौला उद्यमलाई प्रवर्द्धन गर्न सहयोग गर्छ ।

रोजगारी सिर्जना गर्न सहकारीहरू महत्वपूर्ण साधन बन्न सक्छन् । नेपालमा बेरोजगारी दर उच्च छ, विशेषगरी ग्रामीण क्षेत्रमा रोजगारीका अवसर सीमित छन् । सहकारी संस्थाहरूले कृषि, डेरी उद्योग, पर्यटन, हस्तकला तथा उत्पादनमूलक क्षेत्रमा लगानी गरेर नयाँ रोजगारीका अवसर सिर्जना गर्न सक्छन् । सहकारीमार्फत संचालन गरिएका उद्योग तथा व्यापारिक गतिविधिले सदस्यहरूलाई आर्थिक रूपमा सबल बनाउन सहयोग गर्छ ।

सहकारी प्रणालीले व्यापार तथा निर्यात प्रवर्द्धनमा पनि योगदान दिन सक्छ । नेपालका सहकारीहरूले उत्पादन गर्ने कृषि सामग्री, डेरी उत्पादन, हस्तकला, जडीबुटी, चिया, कफी र अन्य वस्तुहरू अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने क्षमता राख्छन् । यदि सहकारीहरूले गुणस्तर सुधार, प्याकेजिङ तथा अन्तर्राष्ट्रिय बजारको मागअनुसार उत्पादन गर्न सकेमा नेपाली उत्पादनहरू विश्व बजारमा प्रतिस्पर्धी बन्न सक्छन् । यसले निर्यात वृद्धि गर्न सहयोग गर्ने छ, जसले समग्र अर्थतन्त्रलाई सकारात्मक रूपमा प्रभावित गर्ने छ ।

सहकारीहरूलाई प्रभावकारी बनाउन सरकारी नीतिगत समर्थन आवश्यक छ । नेपाल सरकारले सहकारी ऐन तथा नियमावली बनाएर सहकारीहरूको प्रवर्द्धन गरिरहेको छ । तर, अझै पनि सहकारी क्षेत्र पारदर्शी, दिगो तथा व्यावसायिक रूपमा सक्षम हुन सकेका छैनन् ।

कतिपय सहकारी संस्थाहरू अनियमितता तथा अपारदर्शी वित्तीय व्यवस्थापनका कारण विवादमा परेका छन् । सहकारी क्षेत्रलाई व्यवस्थित गर्न सरकार, नियामक निकाय तथा सहकारी सदस्यहरूले समन्वय गर्न आवश्यक छ । सहकारीहरूको सुशासन, पारदर्शिता तथा व्यावसायिक क्षमता अभिवृद्धि गर्न सकेमा यस क्षेत्रको विकासले अर्थतन्त्रमा दीर्घकालीन प्रभाव पार्ने छ ।

डिजिटल प्रविधिको प्रयोगले सहकारी संस्थाहरूलाई अझ प्रभावकारी बनाउन सक्छ । सहकारीहरूको वित्तीय कारोबारलाई डिजिटल प्रणालीमा लैजान सकेमा कार्यप्रणाली सरल, पारदर्शी र विश्वासिलो बन्न सक्छ । मोबाइल बैंकिङ, अनलाइन कारोबार तथा डिजिटल लेनदेनलाई प्रवर्द्धन गर्न सके सहकारी क्षेत्र थप प्रभावकारी बन्ने छ । विशेषगरी ग्रामीण क्षेत्रका सहकारीहरूलाई प्रविधिसँग जोड्न सकेमा उनीहरूको कार्यदक्षता बढ्ने छ ।

सहकारी आन्दोलनको सफलताका लागि शिक्षा तथा जनचेतना आवश्यक छ । सहकारी सदस्यहरूलाई वित्तीय व्यवस्थापन, लगानी रणनीति तथा आधुनिक व्यवसाय संचालनका सम्बन्धमा तालिम तथा प्रशिक्षण दिन सकिएमा सहकारीहरू अझ मजबुत बन्न सक्छन् । सहकारी सदस्यहरूको सक्रिय सहभागिता, पारदर्शिता तथा सहकारी व्यवस्थापनमा सुशासन अनिवार्य छ ।

नेपालको आर्थिक विकासका लागि सहकारी क्षेत्रलाई बलियो बनाउनु आवश्यक छ । सहकारीहरूलाई कृषि, वित्तीय समावेशिता, रोजगारी सिर्जना, व्यापार प्रवर्द्धन तथा आधुनिक प्रविधिसँग जोड्न सकेमा अर्थतन्त्रमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ ।

सहकारी प्रणाली सही रूपमा कार्यान्वयन गर्न सकेमा आर्थिक समानता, सामाजिक न्याय तथा आत्मनिर्भर अर्थतन्त्रको परिकल्पना साकार पार्न सकिन्छ । सहकारीहरूलाई मजबुत बनाउन सरकारी नीतिगत समर्थन, प्रविधिको उपयोग र व्यावसायिक व्यवस्थापन आवश्यक छ । सहकारी प्रणालीलाई सुदृढ पार्न सकेमा नेपाल आर्थिक रूपमा सबल बन्न सक्छ ।

## सामाजिक सञ्जाल




**ओमप्रकाश अर्याल**

मौलिक धर्म, संस्कृति, सम्पदा र सभ्यतामा अन्तर्निहित सद्गुणको जगेर्ना गरौं । विकास वा आधुनिकताको नाममा मौलिक अस्तित्वमाथि अतिक्रमण नगरौं । पूर्वजले हस्तान्तरण गरेको धार्मिक-सांस्कृतिक सम्पदालाई मौलिक स्वरूपमा उन्नत बनाउँदै नेपाली समुदायहरूबीचको सहअस्तित्वको धागो बलियो बनाऔं ।



**तारानाथ दाहाल**

संसद्को अधिवेशन चालू छ तर बैठकहरूमा नेता छैनन् । प्रमुख प्रतिपक्षी नेता संसद्मा व्यस्त नभएर हुलाकीमार्ग केन्द्रित जनसंवादमा मधेश झर्नुभएको छ । सत्तारूढ दलका महामन्त्रीहरू जिल्ला दौडाहामा दखिन्छन् । विधेयक अधिवेशनमा एजेन्डा नभएर संसद्का बैठकहरू नियमित छैनन् ।



**प्रेमकान्त अधिकारी**

आवाज उठाउँदैमा भुइँमा केही कुरा झर्न नपाउँदै झ्याप किन तर्सिनुपर्छ र ? बोली र तर्सिनुको बीचमा केही रहस्य त होला । आवाज हावा नै त हो । प्रत्येक आवाजको प्रत्येक व्यक्तिको सवाल-जबाफ गर्नै पर्छ र ? बोलीचालीमा उच्च संस्कार, शिष्टाचार भए हुन्थ्यो । आफूलाई कुन स्थानको सोचिया' छ ?



**ओमकुमार थापा**

राजतन्त्रकालमा यो देश बनेन भनेर गणतन्त्र हुँदै संघीयतासम्म ल्याएपछि तात्त्विक रूपमा के फरक भयो त भनेर भन्ने हो भने, राजतन्त्रमा मान्छेहरू कम बेचिएका थिए भने संघीयतासम्म आइपुग्दा बेचिने नेपालीको संख्याले देशै रित्तो होला जस्तो भइसक्यो । त्यसैले तन्त्रको विरोध होइन, नालायक शासकको गरौं ।

# कतारमा गुल्मीका झवीन्द्रको निधन




**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ फागुन

करिब डेढ दशकदेखि कतारलाई कर्मथलो बनाएका गुल्मी मालिका गाउँपालिका ५ छाप निवासी झविन्द्र आचार्यको शवलाई नेपाल ल्याएर आफ्नै घाटमा ल्याएर दाह संस्कार गरिएको छ ।

आचार्यको सडक दुर्घटनामा गत बुधबार साँझ ८ बजे मृत्यु भएको थियो । कतारको आबुहामुर सडक किनार उभिएका आचार्यलाई तीव्र गतिमा अनियन्त्रित भइ आएको लिमोजिन ट्याक्सीले ठक्कर दिँदा घटनास्थलमै मृत्यु भएको थियो ।

आचार्यले चलाएको माइक्रोमा समस्या आएपछि रोड साइडको पार्किङमा बिग्रेको गाडी बोक्ने गाडी (ब्रेक डाउन)लाई पर्खिएर बसिरहेका बेला उनी दुर्घटनामा परेको आचार्य सँगसँगै माइक्रोमा सवार प्रत्यक्षदर्शी राजेन्द्र काफ्लेले मध्यान्ह राष्ट्रिय दैनिकलाई जानकारी दिए । काफ्लेका अनुसार बंगलादेशी नागरिकले चलाएको ट्याक्सीले उनलाई ठक्कर दिएको थियो ।

दुर्घटना स्थलको अर्को रोड साइडमा सवार सुशील गौतम र सुलभ चन्दले स्थानीय प्रशासनलाई घटनाको जानकारी गराएका थिए भने स्थानीय प्रहरीले ट्याक्सी चालकलाई नियन्त्रणमा लिएको थियो । घटना घटेको केही समयमा उनीहरूले गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसीसी) कतारका अध्यक्ष रमेश भट्टलाई जानकारी दिएका थिए ।

श्रमिकका रूपमा कतारमा प्रवेश गरेका आचार्य पछिल्लो समय सफल व्यवसायीका रूपमा स्थापित थिए । कतारदेखि गृह जिल्लाका दुखी पीडितका लागि भरोसाका केन्द्रबिन्दु बनेका उनी एनसीसी कतारका सहकोषाध्यक्ष, लुम्बिनी प्रदेश समन्वय परिषद् कतारका उपाध्यक्ष, गुल्मी सेवा समाज कतारका भूतपूर्व अध्यक्ष हुन् । आचार्य कतारमा स्थापित करिब दर्जन संघ संस्थाका आजीवन सदस्य तथा मानार्थ सदस्य समेत रहेका थिए । आचार्यको मृत्युले कतारको नेपाली समाज शोकमा डुबेको छ । ३ छोरा, श्रीमती, बाबा आमासहितको ठूलो परिवारको जिम्मेवारी आचार्यको काँधमा थियो । मृतक आचार्यलाई सोमबार साँझ कतारको औद्योगिक क्षेत्रमा रहेको सब गृहमा जम्मा भएका उनका आफन्त, शुभचिन्तक तथा कतारमा स्थापित विभिन्न संघसस्थाका प्रमुख तथा प्रतिनिधिहरूले १ मिनेट मौन धारण गर्दै कतारबाट सदाका लागि बिदाइ गरी कतार एयरवेजमार्फत काठमाडौं पठाइएको थियो ।

काठमाडौंबाट मंगलबार हेलिकप्टरमार्फत परम्परागत शाहघाट फूलबारी लगेर अन्त्येष्टि गरिएको छ । शव कतारबाट नेपाल लैजान एनसीसी कतारका अध्यक्ष भट्टसहित सामाजिक व्यक्तित्व चानक पोखरेल लगायत आचार्यका नजिकका सहकर्मी तथा विभिन्न व्यक्तित्वहरूले विशेष पहल गरेका थिए । साहघाटमा नेकपा एमालेका सचिव तथा पूर्वमन्त्री गोकर्णराज विष्ट, नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य वीरबहादुर कार्की, नेपाली कांग्रेस लुम्बिनी प्रदेश उपसभापति भुवनप्रसाद श्रेष्ठ, नेकपा एमालेका केन्द्रीय सदस्य तथा प्रदेश मन्त्री दिनेश पन्थी, अर्का केन्द्रीय सदस्य जंग नेपाली, जिल्ला पार्टी अध्यक्ष बाडसिंह काउसासहित विभिन्न पार्टीका नेता तथा विभिन्न तहका जनप्रतिनिधिहरूसहित सयौं मानिसको उपस्थिति रहेको थियो । कतारबाट एनसीसी कतारका कोषाध्यक्ष तथा गुल्मी सेवा समाज कतारका संरक्षक बुद्ध पाण्डे र एनसीसी कतारका कार्यसमिति सदस्य समेत रहेका काफ्ले शवका साथ साहघाट पुगेका थिए ।

## स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, हेटौंडाको

### आर्थिक प्रस्ताव सम्बन्धी सूचना

प्रकाशित मितिः २०८१/११/१४

यस कार्यालयबाट मिति २०८१/१०/१३ गते राजधानी राष्ट्रिय दैनिकमा Construction of the road का लागि पुनः प्रकाशित बोलपत्रको सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरू खोली प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा तपसिल बमोजिमका बोलपत्रहरू सारभूत रूपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम ५ बमोजिम मिति २०८१/११/२१ गते दिनको १:०० बजे यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने भएको हुँदा सम्पूर्ण सम्बन्धित बोलपत्रदाताहरूलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का विवरण | प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताको नाम |
|---|---|---|
| १. | LIDPO/Htd/W/NCB/33/081-82 | M/S GK-Naulakha-BB JV, Melamchi 11, Sindhupalchok |
| | | M/S Aakash/PKB/Jiriba JV, Melamchi, Sindhupalchok |
| | | M/S MKSCPL-SB-ECPL JV, Sindhuli |

## रावा बेसी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**हरमटार, कुभिण्डे, खोटाङ**
**स्था-२०७३**
**कोशी प्रदेश, नेपाल**

### सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८१/११/१२**

यस रावा बेसी गाउँपालिकामा सञ्चालित सुरक्षित आप्रवासन (सामी कार्यक्रम) अन्तर्गत वैदेशिक जाने सम्भावित कामदार र उनीहरुका परिवार सदस्यहरु र वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिका लागि मनोसामाजिक परामर्श सेवा प्रवाह तथा सूचना र न्यायमा पहुच, वित्तीय साक्षरता सूचना प्रवाहका लागि तपसिलका पदको लागि खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त फारम भर्न आह्वान गरिएको छ । रावा बेसी गाउँपालिकाको तोकेको दरखास्त फारम भर्नुपर्ने सम्पूर्ण विवरणहरु भरी पासपोर्ट साईजको २ प्रति फोटो टाँस गरी सोको साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यता भएमा सोको साथमा तथा आवश्यकताका आधारमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र यस रावा बेसी गाउँपालका समक्ष पेश गर्नुपर्नेछ ।

रित नपुगेको तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता र तोकिएको परीक्षा दस्तुर नबुझाएका साथै प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरुको दरखास्त उपर कुनै कारबाही हुने छैन । झूटो विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सोको जवाफदेही दरखास्तवाला स्वयं हुनुपर्नेछ ।

**तपसिलः**

१. विज्ञापन नं । पद । तह । माग सङ्ख्या

| क्र. सं. | विज्ञापन नं | पद | तह | माग सङ्ख्या | दरखास्त दस्तुर | तलब स्केल |
|---|---|---|---|---|---|---|
| १ | १३-२०८१।८२ | मनोसामाजिक परामर्श | पाँचौ तह | १(एक) | १०००।- | नेपाल सरकारको स्वीकृत स्केल अनुसार |

२. **सेवाको किसिमः** अस्थायी (सेवा करार)
३. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः
 १) मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ । नर्सिङ । मनोविज्ञान । समाजशास्त्र । सोसिएल वर्कमा स्नातक तह । स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्टग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।
 २) मनोसामाजिक परामर्श सम्बन्धी छ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाणपत्र प्राप्त भएकोलाई विशेष प्राथमिकता दिईनेछ ।
४. **दरखास्त फारमः** रावा बेसी गाउँपालकाले तोकेको ढाँचामा भरी सावा बेसी गाउँपालिकाको कार्यालयमा तोकिएको म्यादभित्र बुझाउनुपर्नेछ । वा यस कार्यालयको वेभसाइट www.rawabesimun.gov.np मा गई आवेदन फारम डाउनलोड गर्न सकिनेछ ।
५. **दरखास्त दस्तुरः** राष्ट्रिय वाणिज्य बैङ्क, शाखा कार्यालय, रावा बेसीको आन्तरिक खाता नं ५२००१००३०१०१०००२ मा बुझाउनुपर्नेछ ।
६. **परीक्षा मितिः** पछि प्रकाशन गरिनेछ ।
७. थप जानकारीका लागि सम्पर्क नं. ९८५२८५८१११ वा rawabesigaupalika@gmail.com

**प्रमुख प्रशासकीय अधिकृत**

## Besishahar Municipality
## Office of Municipal Executive

**Besishahar , Lamjung**

### INVITATION FOR ELECTRONIC BIDS

**First Date of Notice Publication : 2081/11/13**

1. Besishahar Municipality invites electronic bids from eligible bidders for the procurement of following works under NCB single stage single envelope bidding procedures specified in Public Procurement Act and Regulations. Some of the qualification criteria are mentioned below.

| Contract ID No. | Name of Project | Estimated Amount (NRs) (Without Vat and PS) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|
| Besishaharmun/Works/ NCB/081/082/07 | Besishahar Ring Road Upgrading & Maintenance (including Jhingekhola to Puma khola) | 7239966.71 | 215000 | 3000 |

2. Bidding Documents is available online and can be downloaded from e-GP system https://www.bolpatra.gov.np/egp/. Intrested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank .

**Information to deposit Bid Fee and Bid Security**

**For Bid Security**
Bank Name : Rastriya Banijya Bank Ltd
Account Name : Besishahar Municipality Dharauti Khata (Ga-3)
Account Number : 3040100303000002

**For Bid Document Fee**
Bank Name: Rastriya Banijya Bank Ltd.
Account Name : Besishahar Municipality Aantarik Rajaswo (Ga-1-1)
Account Number : 3040100301010002

## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, इनरूवा शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/११/१४ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिलः

| क्र.सं. | ऋणीहरूको नाम र ठेगाना : |
|---|---|
| १ | नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सुनसरीमा प्रा.फ.र.नं. २२६०/०६९/७० कायम भई मिति २०६९/११/२४ मा दर्ता भएको सुनसरी जिल्ला, इनरूवा न.पा. वडा नं. २ स्थित **दन्तकाली सप्लायर्स (प्रोप्राइटर-सिताराम पाठक)** । |
| २ | नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा प्रा.फ.र.नं. ७३००/०७५/०७६ संशोधन कायम भई मिति २०७५/१२/२७ मा दर्ता भएको सुनसरी जिल्ला, इनरूवा न.पा. वडा नं. ३ स्थित **लक्ष्मी कोल्ड सेन्टर (प्रोप्राइटर-लक्ष्मी पाठक)** । |
| **क्रेडिट कार्ड लिनेको नाम, थर र ठेगानाः** | |
| ३ | हेमनाथ पाठकको नाति, हरि प्रसाद पाठकको छोरा, चितवन जिल्ला, गीतानगर उ.म.न.पा./गा.वि.स. वडा नं. ७ बस्ने **सिताराम पाठक** । |
| **ऋणी १ र २ को व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १ | हेमनाथ पाठकको नाति, हरि प्रसाद पाठकको छोरा, चितवन जिल्ला, गीतानगर उ.म.न.पा./गा.वि.स. वडा नं. ७ बस्ने **सिताराम पाठक** । |
| २ | चुडामणी मैनालीको छोरी, सिताराम पाठकको श्रीमती, बारा जिल्ला, पिप्रसिमरा उ.म.न.पा./गा.वि.स. वडा नं. ६ बस्ने **लक्ष्मी पाठक** । |
| ३ | हरि प्रसाद पाठकको नाति, सिताराम पाठकको छोरा, सुनसरी जिल्ला, इनरूवा न.पा. वडा नं. ३ बस्ने **स्पन्दन पाठक** । |
| ४ | हरि प्रसाद पाठकको नातिनी, सिताराम पाठकको छोरी, सुनसरी जिल्ला, इनरूवा न.पा. वडा नं. ३ बस्ने **इसीका पाठक** । |
| **ऋणी १ को संस्थागत जमानतकर्ताको नाम र ठेगाना :** | |
| १ | नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा प्रा.फ.र.नं. ७३००/०७५/०७६ संशोधन कायम भई मिति २०७५/१२/२७ मा दर्ता भएको सुनसरी जिल्ला, इनरूवा न.पा. वडा नं. ३ स्थित **लक्ष्मी कोल्ड सेन्टर (प्रोप्राइटर-लक्ष्मी पाठक)** । |
| **ऋणी २ को संस्थागत जमानतकर्ताको नाम र ठेगाना :** | |
| १ | नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सुनसरीमा प्रा.फ.र.नं. २२६०/०६९/७० कायम भई मिति २०६९/११/२४ मा दर्ता भएको सुनसरी जिल्ला, इनरूवा न.पा. वडा नं. २ स्थित **दन्तकाली सप्लायर्स (प्रोप्राइटर-सिताराम पाठक)** । |
| **ऋणी १ र २ को धितो सुरक्षणको विवरण :** | |
| १ | **सिताराम पाठकको** नाममा मालपोत कार्यालय इनरूवा, सुनसरीमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, इनरूवा गा.वि.स./न.पा. वडा नं. ३ (नक्सा सिट नं. ३ग) को कित्ता नं. ६६० को ०-१-० (वि-क-धु) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| २ | **लक्ष्मी पाठकको** नाममा मालपोत कार्यालय इनरूवा, सुनसरीमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, इनरूवा गा.वि.स./न.पा. वडा नं. ३ (नक्सा सिट नं. ३क) को कित्ता नं. ३४४८, ३४५० र ३४६१ को ०-०-८, ०-०-५ र ०-०-७ (वि-क-धु) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| ३ | **लक्ष्मी पाठकको** नाममा मालपोत कार्यालय इनरूवा, सुनसरीमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, इनरूवा गा.वि.स./न.पा. वडा नं. ५ (नक्सा सिट नं. ५क) को कित्ता नं. ६९१ र १००४ को ०-०-४.७५ र ०-०-५ (वि-क-धु) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| ४ | **लक्ष्मी पाठकको** नाममा मालपोत कार्यालय इनरूवा, सुनसरीमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, इनरूवा गा.वि.स./न.पा. वडा नं. ३ (नक्सा सिट नं. ३ग र ३क) को कित्ता नं. ११०४, ११०५ र १०४३ को ०-०-१०, ०-०-१० र ०-१-५ (वि-क-धु) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| ५ | **लक्ष्मी पाठकको** नाममा मालपोत कार्यालय इनरूवा, सुनसरीमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, मधेशा गा.वि.स./न.पा. वडा नं. ९ (नक्सा सिट नं. ९ख) को कित्ता नं. १६५३ र ३२५९ को ०-१-२.५० र ०-१-० (वि-क-धु) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| ६ | **लक्ष्मी पाठकको** नाममा मालपोत कार्यालय इनरूवा, सुनसरीमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, मधुवन गा.वि.स./न.पा. वडा नं. ४(नक्सा सिट नं. ४) को कित्ता नं. ५४१ को ०-५-० (वि-क-धु) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| ७ | **लक्ष्मी पाठकको** नाममा मालपोत कार्यालय इनरूवा, सुनसरीमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, भोक्राहा गा.वि.स./न.पा. वडा नं. ७ (नक्सा सिट नं. ७ज) को कित्ता नं. ६५२ र ७५५ को ०-०-५ र ०-०-५.५० (वि-क-धु) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| ८ | **लक्ष्मी पाठकको** नाममा मालपोत कार्यालय इनरूवा, सुनसरीमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, इनरूवा गा.वि.स./न.पा. वडा नं. १ (नक्सा सिट नं. १ख) को कित्ता नं. ६४० र ५१७ को ०-१-० र ०-२-० (वि-क-धु) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| ९ | **लक्ष्मी पाठकको** नाममा मालपोत कार्यालय इनरूवा, सुनसरीमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, इटहरी गा.वि.स./न.पा. वडा नं. ४ (नक्सा सिट नं. ४ग) को कित्ता नं. ८४५ को ०-१-० (वि-क-धु) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| १०. | धनी सानिमा बैंक लिमिटेड (**ऋणी लक्ष्मी कोल्ड सेन्टर**) को नाममा यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको निम्न बमोजिमको गाडी : |
| ११. | धनी सानिमा बैंक लिमिटेड (**ऋणी लक्ष्मी कोल्ड सेन्टर**) को नाममा यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको निम्न बमोजिमको गाडी : |

१०. को गाडी:

| मोडल | सवारी नम्बर | च्यासिस नम्बर | ईन्जिन नम्बर |
|---|---|---|---|
| Mahindra Bolero Pickup 2WD PS 1.5T | Pradesh 1 02 002 Cha 4762 | MA1ZU2TBKM1A13588 | TBM1A15101 |

११. को गाडी:

| मोडल | सवारी नम्बर | च्यासिस नम्बर | ईन्जिन नम्बर |
|---|---|---|---|
| Mahindra Scorpio S5 2 WD1.99 | Pradesh 1 02 002 Cha 5848 | MA1TA2WCXM2K42753 | WCM4K15977 |

**सानिमा बैंक** www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

**साउदीमा रोजगार**

कम्पनी : **CITY LINK TRADING & TRANSPORT CO. LTD** — शहरः Jeddah
पूर्व स्वीकृत मितिः २०८१/११/१३ — चलानी नं.: ६०२३३५६८ — LT. No.:319364

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 15 | 0 | स. काममा दक्ष | 1800 | ६६,४३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : **GULF AL MAALI GENERAL CONTRACTING ESTABLISHMENT** — शहरः MAKKAH
पूर्व स्वीकृत मितिः २०८१/०७/०९ — चलानी नं.: ६०२२७१४७ — LT. No.: 312742 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Professional Worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ४४,२९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ फागुन २१ गते (5 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा.लि.**
चाकुपाट, ललितपुर, नेपाल, फोन : ५२६८२२४
श्रम इजाजत पत्र नं. ११३/०५५/०५६
Mobile: 9851008664, 9847275969, 9801232406, 9851032593, 9851190207, 9863775437, 9851071822.

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१४ फागुन २०८१ बुधबार
26 February 2025, Wednesday

# कर्मचारीमैत्री कानुन निर्माण गरेका छौं: मुख्यमन्त्री आचार्य

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १३ फागुन




लुम्बिनी प्रदेश सरकारले स्थानीय निजामती सेवा ऐन कार्यान्वयनका लागि नियमावली निर्माणको काम जारी राखेको छ । यही फागुन महिनाभित्र नियमावली तयार गरी स्थानीय तहमा रहेका कर्मचारीहरूको वृत्तिविकास तथा व्यवस्थापनलाई अघि बढाइने मुख्यमन्त्री चेतनारायण आचार्यले बताएका छन् । नेपाल निजामती कर्मचारी संगठनका केन्द्र र प्रदेशका नवनिर्वाचित पदाधिकारी तथा प्रतिनिधिहरूसँग मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका, देउखुरीमा मंगलबार आयोजित छलफल कार्यक्रममा सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले लुम्बिनी प्रदेशले अन्य प्रदेशहरूको तुलनामा कर्मचारीमैत्री प्रदेश तथा स्थानीय निजामती सेवा ऐन निर्माण गरेको उल्लेख गरेका हुन् ।

उनले संघीय सरकारले बनाउने निजामती सेवा ऐनमा प्रदेशले समावेश गरेका नवीनतम व्यवस्थाहरूलाई पनि समेट्न आवश्यक रहेको बताए । 'प्रदेशले कर्मचारीमैत्री तथा सेवा प्रवाहलाई चुस्त बनाउने गरी निजामती सेवा ऐन बनाएको छ । प्रदेशले बनाएको ऐनका महत्वपूर्ण व्यवस्थाहरू संघीय निजामती सेवा ऐनमा समावेश गर्न जरुरी छ,'उनले भने,'यसका लागि प्रदेश सरकारले आफ्नो तर्फबाट सहजीकरण गर्नेछ । संगठनको हिसाबले तपाईंहरूले पनि यो विषयलाई प्राथमिकताका साथ उठाउन जरुरी छ ।' मुख्यमन्त्री आचार्यले जनशक्ति अभाव समाधान गर्न प्रदेश सरकारको ऐनले मार्ग प्रशस्त गरेको उल्लेख गरे ।

कार्यक्रममा भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले सरकारका योजनाहरूलाई सफल बनाउने मेरुदण्ड कर्मचारी प्रशासन भएको दाबी गरे । नेपाल निजामती कर्मचारी संगठनका केन्द्रीय अध्यक्ष भवानी दाहालले ट्रेड युनियन अधिकारसहितको प्रणाली लागू हुनुपर्नेमा जोड दिइन् । उनले सेवाग्राही र कर्मचारीमैत्री अधिकार सुनिश्चित गर्न संगठनले निरन्तर आवाज उठाउँदै आएको बताइन् । निजामती कर्मचारी संगठन लुम्बिनीका अध्यक्ष नेत्रप्रसाद आचार्यले कर्मचारीको वृत्तिविकास र अधिकार संरक्षणका लागि प्रदेश निजामती सेवा ऐनले महत्वपूर्ण व्यवस्था गरेको बताए । कार्यक्रमको सहजीकरण प्रेम गौतमले गरेका थिए ।

# कृष्णनगर भन्सारमा अनियमितताको आरोप




**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, १३ फागुन

नेपाल-भारत सिमामा रहेको कृष्णनगर भन्सार कार्यालयमा अनियमितता बढ्दै गएको स्थानीयहरूले आरोप लगाएका छन् । भन्सार कर्मचारीहरूको मिलेमतोमा नियमविपरीत राति १० बजेपछि बस प्रवेश गराएर अवैध रूपमा पैसा असुली भइरहेको आरोप लागेको हो ।

नेपाल-भारत मैत्री बस सेवा सञ्चालन गर्ने स्वयम्भू मञ्जू श्री यातायात प्रा.लि.का बसहरू भन्सार नियम मिचेर राति १० :३० देखि १०:४५ बजे नेपाल प्रवेश गरिरहेको पाइएको छ ।

तर भन्सार कार्यालयका कर्मचारीहरूले कुनै चेकजाँच नगरी सवारी साधनलाई प्रवेश दिइरहेको स्थानीय व्यापारीहरूको आरोप छ । सीमानामा दिनहुँ लागुऔषध, भारतीय मुद्रा, मोटर पार्ट्सलगायत अवैध सामान ओसारपसार भइरहेका घटनाहरू सार्वजनिक भइरहेपनि सशस्त्र प्रहरी, नेपाल प्रहरी र भन्सार कार्यालयका कर्मचारीहरू मौन बसेको भन्दै स्थानीयहरूले आक्रोश व्यक्त गरेका छन् ।

भन्सार अधिकारीहरूसँग बुझ्दा राति कार्यालय बन्द भएपछि कुनै सवारी साधन आवतजावत गर्न नपाइने दाबी गरिएको छ । तर, स्वयम्भू मञ्जू श्री यातायातलाई प्रवेश अनुमति दिइएको छ वा छैन भन्ने स्पष्ट नभएको बताइएको छ ।

यदी ठूला व्यापारी वा प्रभावशाली व्यक्तिहरूको मिलेमतोमा रातिमा बस तथा चारपांग्रे सवारी प्रवेश दिइएको हो भने, यसले भन्सार तथा सुरक्षाकर्मीहरूको भूमिकामाथि गम्भीर प्रश्न उठाएको छ ।

व्यापारीहरूका अनुसार, भन्सार र सुरक्षाकर्मीहरूको सेटिङकै कारण लाखौं रूपैयाँ बराबरको अवैध सामान तथा विदेशी नागरिकहरू रातिको समयमा नेपाल भित्र्याइँदै आइएको छ । सीमामा खटिएका सुरक्षाकर्मीहरू नै लापरवाही हुँदा अवैध कारोबार अझ बढ्ने खतरा देखिएको व्यापारीहरू बताउँछन् ।

# भ्रष्टाचार र बेथितिविरुद्ध बहुमतको ६ महिने मेची-काली अभियान




**काठमाडौं/मस**–नेकपा(बहुमत)ले भ्रष्टाचार र बेथितिविरुद्धमा देशव्यापी ६ महिने जनसंघर्षका कार्यक्रम घोषणा गरेको छ ।

मंगलबार काठमाडौंस्थित संवाद डबलीमा पत्रकार सम्मेलनको आयोजना गरी बहुमतले पार्टीको नवौं महाधिवेशन तथा केन्द्रीय समितिका निर्णयहरू सार्वजनिक गर्दै उक्त घोषणा गरेको हो ।

पार्टीका महासचिव धर्मेन्द्र बास्तोला 'कञ्चन'ले कांग्रेस-एमाले घुमाउरो तरिकाले पश्चगमनको तयारीमा लागिरहेको आरोप लगाए ।

बास्तोलाले जनयुद्ध र जनआन्दोलनबाट स्थापित वर्तमान व्यवस्थाको विरुद्धमा लागेको आरोप लगाउँदै भने,'यो संविधान भन्दा ०४७ को संविधान नै ठिक भन्न थाल्नुका पछाडी 'संवैधानिक राजसंस्था र बहुदलीय प्रजातन्त्रान्त्रिक' व्यवस्थातिर देश फर्काउने षड्यन्त्रको गन्ध आउँछ ।'

बास्तोलाले ताप्लेजुङको पाथीभरामा जनताको जमिन खोसेर एकाधिकार पूँजीपतिको निजीकरण गरी माफियाको सम्पत्तिमा रूपान्तरण गर्ने योजना रहेको र जनतामाथि सरकारी दमनको पनि भर्त्सना गरे ।

ओली सरकारले जनताको अभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रण गर्ने मिडिया काउन्सिल विधेयक तथा सामाजिक सञ्जाल नियन्त्रण गर्ने प्रपञ्चा रचिरहेको समेत आरोप लगाए ।

सो पार्टीका स्थायी समिति सदस्य गुणराज लोहनीले बैठकका निर्णयहरू सार्वजनिक गर्दै 'दलाल तथा नोकरशाही पूँजीवादी व्यवस्था अन्त्य गरौं ! समाजवादी गणतन्त्र स्थापनाको बाटोमा अघि बढौं' भन्ने नारासहित 'भ्रष्ट, दलाल पूँजीवादी व्यवस्था विरुद्ध जनसंघर्ष अभियान' संचालन गर्ने निर्णय गरेको जानकारी दिए । विभिन्न परियोजनासहित एमसीसी परियोजना खारेज गरेर देशलाई आत्मनिर्भर बनाउन संघर्ष गर्नुपरेको बताए ।


प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

## शहरी विकास तथा भवन कार्यालय

विराटनगर, मोरङ्ग

कोशी प्रदेश

## प्राविधिक प्रस्ताव स्वीकृत गर्ने आशय तथा आर्थिक प्रस्ताव खोल्ने सूचना

**प्रकाशित मितिः- २०८१/११/१४**

यस कार्यालयबाट मिति २०८१/०८/०९ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिल बमोजिमको ठेक्काको लागि म्यादभित्र E-Bid मार्फत दर्ता भएका बोलपत्रहरुको प्राविधक प्रस्तावको मूल्याङ्कन गर्दा सारभूत रुपमा प्रभावग्राही भएका देहाय बमोजिमका सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव सार्वजनिक खरिद नियमावलीको नियम ३१ (ज) को उपनियम ५ प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

ठेक्का नं.: **UDBO/MORANG/NCB/WORKS/40-2081/82**

कार्यको विवरण : **Construction of Veterinary Hospital & Quarter Building, Biratnagar, Morang**

आर्थिक प्रस्ताव खोल्ने मिति र समय : २०८१/११/२१, १:०० बजे दिउसो, शहरी विकास तथा भवन कार्यालय, विराटनगर, मोरङ

| सि. नं | सफल बोलपत्रदाता | सि. नं | सफल बोलपत्रदाता |
|---|---|---|---|
| 1 | Royal Construction, Dhangadhi, Kailali | 16 | Earth Designers and Developers Pvt. Ltd., Hetauda-6, Makawanpur |
| 2 | Khilung Kalika Construction Pvt. Ltd., Bhirkot-7, Syangja, Nepal | 17 | HCS-BAB-KCP J.V, Kathmandu |
| 3 | Krishna Laxmi Nirman Sewa,Kanpur-1, Kavre | 18 | Surendra-SafewayChandrayan JV, Bhaktapur |
| 4 | Mangaldeep Multipurpose Pvt. Ltd., Birendranagar, Surkhet | 19 | Pradej/Shreekhand apur J.V, Bhaktapur |
| 5 | Barma - Joshila JV, BIRATNAGAR-10, MORANG | 20 | Associate Construction, Kathmandu |
| 6 | PYRAMID/FALG UNANDA-JV, Gwarko-17, Lalitpur | 21 | K.S.M Services,Uttardhoka-02, Kathmandu |
| 7 | Triveni Lafa Construction Pvt Ltd, Kathmandu | 22 | NamunaRanakalimata J/V,Biratnagar-7, Morang |
| 8 | Santi/machindra jv, Myanglung, Terhathum | 23 | Pinus/Bibek JV, Kathmandu |
| 9 | S.A.S.Construction Pvt. Ltd., Biratnagar-16, Morang | 24 | GorakhnathPurbapaschim JV, New Baneshwor, Kathmandu |
| 10 | Topland-Nikita & Raj-Bohara J/V, Koshi -3, Sunsari | 25 | Polo Construction Pvt. Ltd., Dillibazar, Kathmandu |
| 11 | Agrim - Longvision - Dhanalaxmi JV, Kathmandu | 26 | Atlas/Pabitra j.V, Gaighat-11, Udayapur |
| 12 | Maa Om Birat/ N.M. J.V., Biratnagar-8, Morang | 27 | L.B. and A.B.-KALAPANI JV, Dhangadhi-5, Kailali |
| 13 | Chandi Devi Nirman Sewa, Bidur, Nuwakot | 28 | R.S.B. /B.K.S.K./Hans J. V., Kathmandu |
| 14 | DYNAMIC-KALA JV, Bharatpur-4, Chitwan | 29 | Great Wall Builders / Suryakunda J.V., Tokha-04, Kathmandu |
| 15 | Prithivi Engineers & Builders Pvt Ltd, Battisputali, Kathmandu | 30 | RR-SB J/V, Bhimeshwor Municipality-03, Dolakha |

**कार्यालय प्रमुख**



# Aathbiskot Municipality

## Office of the Municipal Executive

**Aathbiskot, Rukum (West)**

**Karnali Province, Nepal**

## Invitation For Bids

**Contract Identification No: Mentioned in a table below**

**Date of publication: 2081/11/14 B.S. (26th February, 2025)**

1. Aathbiskot Municipality Office invites electronic bids from eligible bidders for the following work under National competitive Bidding (NCB) procedure. Some of the qualification criteria are mentioned below, through the details are:

| S. N. | Contract No. | Description of work | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Submission Deadline | Bid Opening Date | Estimate Amount (Inc. VAT) NRs. |
|---|---|---|---|---|---|---|---|
| 1. | AMO/NCB/G 05/2081/082 | Supply and Delivery, Installation of U.S.G. Color Doppler With 2 Probes. | 1000.00 (Non Refundable) | 42,000.00 | 28 March 2025 12:00 Noon | 28 March 2025 02:00 PM | 1457700.00 |
| 2. | AMO/NCB/ W05/2081/082 | Construction of Chisapani-Pharula Dandagaun-Naulakot Road Extension and Gabion Work. | 3000.00 (Non Refundable | 1,30,000.00 | 28 March 2025 12:00 Noon | 28 March 2025 02:00 PM | 50,23,002.59 |
| Place to Purchase & Submit the Bid Document | | | PPMO'S website: www.bolpatra.gov.np/egp | | | | |
| Account details for the payment of non-refundable bid document fee | | | Bank Name: Prabhu Bank Ltd.<br>Bank Address: Aathbiskot Municipality 09, Rukum (west)<br>Account holder's Name: Aathbiskot Municipality Office<br>Account Number: 2607089815000178 (Revenue Account) | | | | |
| Account details to furnish the bid security amount | | | Bank Name: Prabhu Bank Ltd.<br>Bank Address: Aathbiskot Municipality 09, Rukum (west)<br>Account holder's Name: Aathbiskot Municipality Office<br>Account Number: 2607089815000048<br>(Dharauti/Retention Account) | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website: www.bolpatra.gov.np/egp

**Er. Rajesh Gautam**
**Chief Administrative Officer**

# ज्यान मार्ने धम्की आएको भन्दै अधिवक्ता धामीले दिए निवेदन




**ललितपुर/मस–**अधिवक्ता प्रेम सिंह धामीले आफ्नो ज्यान असुरक्षित भएको भन्दै जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएका छन् ।

वि.सं.२०४९ सालदेखि कानून व्यवसायमा संलग्न भइ बहस गर्दै आएका धामीले आफूलाई राम अवाले समेतका व्यक्तिबाट धम्की आएको भन्दै जिल्ला प्रशासन कार्यालय ललितपुरमा मंगलबार उजुरी दिएका हुन् ।

'मलाई अपरिचित मानिसहरू कार्यालयमा पठाएर धम्की दिने काम लामै समयदेखि हुँदै आएको थियो, सामान्य होला भनेर चुप बसेको थिए, अहिले थप असामान्य गतिविधिहरू हुँदै गए, तसर्थ, मैले शान्ति सुरक्षा कायम गरी पाउँ भनी प्रशासनमा निवेदन दिन बाध्य हुनु पर्‍यो' उनले भने ।

यसअघि पनि २०७७ सालको दशैँतिर एक्कासी कार्यालयमा कृष्ण आवालेको नेतृत्वमा श्यामकाजी अवाले, टेकेन्द्र पौडेल, लक्ष्मण पौडेल आएर तैले हामीलाई चिनेको छैनस्, तँलाई हामी जे पनि गर्न सक्छौं, बुझेर मात्रै कानून व्यवसाय गर्नु भनी धाकधम्की दिएको उनले बताए ।

अधिवक्ता धामीले बक्सिङ संघका केन्द्रीय अध्यक्ष राम अवाले, उपाध्यक्ष श्यामकाजी आवले, भाइराजा (मोतीकाजी) अवाले, कृष्ण अवाले, केदार अवाले, लक्ष्मण पौडेल र टेकेन्द्र पौडेलसमेतबाट धम्की आएको भन्दै उजुरी दिएका हुन् । यस विषयमा जानकारी लिन सम्पर्क गर्दा सहायक प्रमुख जिल्ला अधिकारी गीता घिमिरेले शान्ति सुरक्षाका लागि माग भइ आएकोले जिल्ला प्रहरी कार्यालयमा पत्राचार गरिएको जानकारी गराइन् ।

## शिक्षादीप कलेजद्वारा उत्कृष्ट विद्यार्थी सम्मानित



**विराटनगर/मस–**शिक्षादीप कलेज विराटनगर-९ ले दोस्रो त्रैमासिक परीक्षामा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीहरूलाई नगदसहित सम्मान गरेको छ ।

मंगलबार आयोजित विशेष कार्यक्रममा कक्षा ११ र १२ का विद्यार्थीहरूलाई उत्कृष्ट शैक्षिक उपलब्धिका लागि सम्मान प्रदान गरिएको हो ।

कलेजका व्यवस्थापन संकायका को-अर्डिनेटर शंकर भट्टराईका अनुसार परीक्षामा उच्च अंक हासिल गर्ने व्यवस्थापन संकायका २० जना तथा विज्ञान संकायका ५७ जना विद्यार्थीलाई नगदसहित सम्मान गरिएको छ । यसबाहेक कलेजका विद्यार्थीहरूले विभिन्न अतिरिक्त क्रियाकलापहरूमा हासिल गरेको उपलब्धिलाई पनि कदर गरिएको छ ।

एमसिक्यु, विराटनगर महानगरपालिकाद्वारा आयोजित विज्ञान प्रदर्शनीमा दोस्रो स्थान हासिल गर्ने विद्यार्थीहरू, हिसान खेलमा पदक जित्ने खेलाडीहरू, साथै आन्तरिक हाजिरी जवाफ, रोबोटिक्स, एस्ट्रोनोमी, एभिएसन तथा आइटी वर्कशपमा सहभागी विद्यार्थीहरूलाई विशेष सम्मान प्रदान गरिएको कलेजका निर्देशक भुपेन्द्र दाहालले जानकारी दिए ।

सम्मान समारोहमा कलेजका प्रिन्सिपल ज्ञानबहादुर खड्का, प्रमुख निर्देशक शैलेन्द्र शिवाकोटी, निर्देशक डा.विमल श्रीवास्तव, निर्देशक रामचन्द्र अधिकारी तथा विज्ञान संकायका को-अर्डिनेटर नविन रायले विद्यार्थीहरूलाई सम्मान प्रदान गरेका थिए ।

## गेरुवाका ४ विद्यालयमा खानेपानी, सरसफाइ र स्वच्छता संरचना हस्तान्तरण

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १३ फागुन

बर्दियाको गेरुवा गाउँपालिकाका ४ वटा विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता संरचना हस्तान्तरण गरिएको छ ।

गाउँपालिकाको एकप्रिय राठौर माध्यमिक विद्यालय पाताभार, जनता माध्यमिक विद्यालय गोला, पशुपति माध्यमिक विद्यालय पशुपतिनगर र सरस्वती आधारभूत विद्यालय विन्द्रामा समावेशी तथा पहुँचयुक्त खानेपानी, सरसफाई तथा स्वच्छता सुविधायुक्त संरचना निर्माणपछि हस्तान्तरण गरिएको हो ।

यूके एड र वाटर एडको आर्थिक सहयोग तथा नेपाल प्रजनन् स्याहार केन्द्र र राष्ट्रिय अपाङ्ग महासंघ नेपालको प्राविधिक साझेदारीमा व्याक्यार्ड सोसाइटी एजुकेशन वेसद्वारा सञ्चालित वास गेन्स परियोजनाले ४ वटा विद्यालयमा १ करोड २६ लाख २१ हजार ४ सय ३० रूपैया खर्चेर विद्यालयमा पहुँचयुक्त शौचालय, सेफ्टी ट्यांकी/सोकपिट, फोहोर व्यवस्थापन पिट, प्लाटफर्म, प्याड व्यवस्थापन पिट, हात धुने स्थान र धारा लगायतका संरचनाहरू निर्माण गरी हस्तान्तरण गरेको हो ।


**कुबेतमा रोजगार** कम्पनी: NATIONAL FREEZE COMPANY FOR AIR CONDITIONING & REFRIGERATION CONTRACTING.
पूर्व स्वीकृत मितिः २०८१/११/१३ चलानी नं.: ६०२३३५७० L.T. No.: 319374 शहर: KUWAIT

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ac Technicians | 3 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६२,८१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashiers (Male) | 6 | 0 | | 140 | ६२,८१४ | | | | | | | |
| 3. | Light Driver | 6 | 0 | | 140 | ६२,८१४ | | | | | | | |
| 4. | Male Cleaner (Indoor) | 12 | 0 | | 90 | ४०,३८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २१ गते (5 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

SHARON MANPOWER SERVICES PVT. LTD.
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457 / URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9851038901, 9803126395, 9851350582, 9801026390, 9746491713



**Qatar मा रोजगार** GCD HR AND MANAGEMENT CONSULTANCY
पूर्व स्वीकृति मितिः २०८१/११/१ चलानी नं.: ६०२३३५३५ LT No. 318819

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner General | 0 | 3 | काममा दक्ष | 1600 | ६०,८००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Representative/Mandoob | 1 | 0 | | 2500 | ९५,०००।- | | | | | | | |
| ३. | Supervisor | 1 | 0 | | 2800 | १,०६,४००।- | | | | | | | |

अन्तरवार्ता २०८१ फागुन २१ गते (5 March, 2025) यस प्रा. लि. को कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ ।

जि. सि. डि. वर्ल्डवाईड प्रा. लि. (श्रम इजाजत नं.: ५१९/०६१/०६२)
सिनामंगल काठमाण्डौ, फोन नं.: ०१-४११२२१७, ९८४१०३९३१८



